म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १३, अंक ३३१ बिहीबार २७ असार २०८१ ते. सं. ११४४ दिल्लाश्व 11 July 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

करेन्ट लागेर मकवानपुर गढीमा युवकको मृत्यु

हेटौंडा, २६ असार/मकवानपुरगढी गाउँपालिकामा एक युवकको करेन्ट लागेर मंगलबार राति मृत्यु भएको छ । मकवानपुरगढी गाउँपालिका–८ का ३७ वर्षीय दिक्पाल स्याङ्तानको करेन्ट लागेर मृत्यु भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जानकारी दिएको छ । स्थानीय रामबहादुर घिसिङको बारीमा रहेको विद्युतको पोलको तार छुटाउन जाने क्रममा स्याङ्तानको करेन्ट लागेर घटनास्थलमै मृत्यु भएको मकवानपुर प्रहरीले जनाएको छ । भीमफेदी इलाका प्रहरी कार्यालयबाट घटनास्थलमा प्रहरी पुगेर मुचुल्का मंगलबार राति नै उठाएर पोस्टमार्टमका लागि शव बुधबार बिहान हेटौंडा अस्पताल ल्याएइको जिल्ला प्रहरी कार्यालय हेटौंडाका प्रवक्ता डीएसपी लक्ष्मी भण्डारीले बताए । घटना भएको स्थल भीमफेदी गाउँपालिकामा रहेको इलाका प्रहरी कार्यालयबाट नजिक पर्दछ । मकवानपुरगढीको इप्रका वर्षातको समयमा ८ नम्बर वडाको बुढीचौर पुरन कठिन रहेको छ ।

विद्यार्थी, शिक्षकबीच पुलको काम गर्दै नवोदय ईनोभेसन

साझाकुरा संवाददाता

हेटौंडा, २६ असार/नवोदय इनोभेसन सेन्टर हेटौंडाले १ वर्ष अवधिको प्राथमिक शिक्षक तालिम सुरुवात गरेको छ । बालबालिकालाई समय सुहाउँदो शिक्षा प्रदान गर्न विश्व परिस्थिति र प्रविधिमा आएको विकासलाई पछ्याउँदै दक्ष जनशक्ति उत्पादन गर्न तालिम सुरुवात गरिएको हो ।

आधारभूत तह (कक्षा ४-७) का लागि बालकेन्द्रित शिक्षण गर्न सक्ने शिक्षक तयार गर्न लागिएको बुधबार पत्रकार सम्मेलनमार्फत जानकारी दिइएको हो । तालिममा सहभागी हुनेलाई उचित रोजगारीको व्यवस्था गर्ने प्रतिबद्धता जनाइएको छ ।

विद्यालयहरुले सक्षम शिक्षकको अभावमा चाहेजस्तो र अपरिहार्य शैक्षिक कार्यक्रम पस्कन नसकेको अवस्थालाई मध्यनजर गर्दै दक्ष र योग्य जनशक्ति उत्पादन गर्ने लक्ष्य लिइएको बताइएको छ । कक्षाकोठा निरस हुनुका साथै विद्यार्थीका लागि अरुचिकर बनेका छन् । उनीहरुको सिकाइ अनुभवहरु रमाइला बन्न सकेका छैनन् । एकातिर हरेक स्कूलले प्रभावकारी शिक्षकको खोजी गरिरहेको छ भने अर्कातिर शिक्षकको भूमिकामा काम गर्न चाहनेले राम्रो अवसर खोजी गरिरहेको अवस्थामा तालिम आयोजना गरिएको बताइएको छ ।

बर्तमान आवश्यकतालाई मध्यनजर गर्दै जिम्मेवारीबोधका साथ नवोदय इनोभेसन सेन्टरको स्थापना भएको र समयको मागबमोजिम तालिम प्राप्त, प्रभावशाली र शिक्षण कौशलयुक्त शिक्षकको आवश्यकता परिपूर्ति गर्नका लागि हेटौंडामा १ वर्षे प्राथमिक शिक्षक तालिम कार्यक्रम सञ्चालन गर्न लागिएको नवोदय इनोभेशन सेन्टरका प्रमुख

नरेन्द्रकुमार नगरकोटीले जानकारी दिए । प्रगतिशील शिक्षा, भाषा साहित्य, विज्ञान, सामाजिक अध्ययन, गणित, शारीरिक शिक्षा, संगीत र कला, नृत्य, बालबालिकाको समग्र विकास, सिकाइ उपलब्धि जस्ता विषयमा प्रशिक्षार्थीलाई दक्ष बनाइने उनले बताए ।

तालिमका लागि शिक्षा दर्शन: प्रगतिशील शिक्षा, भाषा साहित्य शिक्षण, विज्ञान शिक्षण, सामाजिक अध्ययन शिक्षण, गणित शिक्षण, शारीरिक शिक्षा शिक्षण, संगीत र कला शिक्षण, नृत्य शिक्षण, बालबालिकाको समग्र विकास, सिकाइ उपलब्धी जस्ता विषय निर्धारण गरिएको छ । शैक्षिक रुपान्तरणका लागि लामो समयदेखि निरन्तर शिक्षण सिकाइ र शैक्षिक कर्ममा तल्लीन व्यक्तित्वहरु सम्मिलित सक्रिय समूहको नेतृत्व र व्यवस्थापनमा नवोदय इनोभेसन सेन्टर स्थापना भएको नगरकोटी बताउँछन् ।

बालबालिका केन्द्रित शिक्षण सिकाइलाई जीवन्त बनाउन आवश्यक सहजीकरण गर्दै विद्यालयमा शैक्षिक क्रान्तिको अनुभूति दिलाउन दत्तचित्त भएर लागिपर्ने प्रणका साथ नवोदय इनोभेसन सेन्टर अगाडि बढिरहेको जनाइएको छ । विशिष्ट आवश्यकताका आधारमा स्थानीयस्तरमा नै सम्भावना खोजी गर्दै सिकाइ वातावरण र विधि रुपान्तरण गरिने बताइएको छ । नवोदय विद्यालय व्यवस्थापन समिति अध्यक्ष पुरनबहादुर जोशीको अध्यक्षतामा भएको कार्यक्रममा हेटौंडा-४ का वडाअध्यक्ष नवीन सिग्देलले शिक्षाको गुणस्तरमा तीव्र विकासका लागि इनोभेसन कार्यक्रमको आवश्यकता रहेको औंल्याए ।

'हाम्रा धेरै कार्यक्रममध्ये विद्यालयमा वार्षिक परामर्श प्याकेजमार्फत् हाल हामी १० वटा विद्यालयका कक्षाकोठाहरु परिवर्तन गर्न लागिपरेका छौं । जसअन्तगत हेटौंडामा २ वटा विद्यालयसँग काम गरिरहेका छौं । अनेकौं चुनौतीबीच पनि कक्षाकोठामा आएको परिवर्तन नियाल्दा हामी अत्यन्त उत्साहित भएका छौं' नवोदय ईनोभेसन सेन्टरले जारी बिज्ञप्तीमा भनेको छ । 'आधार भूत तह (कक्षा ४-७) का लागि सक्षम शिक्षक तयार गर्ने उद्देश्यका साथ हामीले १ वर्षे डिप्लोमा कोर्स सञ्चालन गर्दैछौं' सेन्टरका संचालक सीएम रिमालले बताए ।

यस कोर्सपश्चात् कक्षा ४-७ का लागि बालकेन्द्रित शिक्षण गर्न सक्ने शिक्षक तयार हुनेछन् । साथै, तालिमप्राप्त सहभागीका लागि उचित रोजगारीको व्यवस्था गरिने बताइएको छ । शिक्षण पेशा एक आकर्षक र रोजाइको पेशा बन्न सघाउ पुग्नेछ भन्ने कुरामा आफूहरु विश्वस्त रहेको रिमालले बताएका छन् । कक्षा १२ उत्तीर्ण भएका विद्यार्थी जो भविष्यमा एक सफल शिक्षक बनेर हजारौं बालबालिकाको प्रेरणाको स्रोत बन्न चाहन्छन्, यस कार्यक्रममार्फत् उनीहरुका लागि सम्भावनाका ढोकाहरु खोल्न मद्दत पुग्ने बताइएको छ ।

प्रशिक्षार्थी शिक्षकले सिकेका कुरा कक्षाकोठामा अभ्यास गर्न लगाइन्छ र नियमित कक्षा अवलोकन, शिक्षण अभ्यासको अवसर, आवश्यक पृष्ठपोषणलगायत काम गराउँदै सक्षमता हासिल गराइने बताइएको छ ।

आवश्यक शिक्षण कौशल र ज्ञानयुक्त शिक्षक तयार पार्न, शिक्षण पेशालाई इज्जतदार पेशाको रुपमा स्थापित गर्न, कक्षाकोठा बालमैत्री बनाउन, प्रभावकारी शिक्षकको खोजीमा रहेका विद्यालय शिक्षणसिकाइमा अवसर खोजिरहेका व्यक्ति, गुणस्तरीय शिक्षा पाउने नैसर्गिक अधिकार भएका बालबालिका बीचमा सेतुको काम गर्ने नवोदय ईनोभेसनले जनाएको छ ।

एमालेले छोडेको पाँच मन्त्रालय जम्कट्टेलको काँधमा

साझाकुरा संवाददाता

हेटौंडा, २६ असार/बागमती प्रदेशका मुख्यमन्त्री शलिकराम जम्कट्टेलको काँधमा पाँच मन्त्रालयको जिम्मेवारी परेको छ । सत्ता गठबन्धनबाट नेकपा एमाले बाहिरिँदै ५ मन्त्रीले सामूहिक राजीनामा दिएसँगै मुख्यमन्त्रीको काँधमा थप जिम्मेवारी आइपरेको हो ।

केन्द्रमा सत्तासमिकरण परिवर्तनको सहमति बनेसँगै प्रदेश सरकारबाट गत असार २४ गते एमाले सरकारबाट बाहिरिएको हो । २०८० चैत १७ मा सरकारमा सहभागी भएको एमालेले ४ महिनामा नै सरकारबाट बाहिरिएर संविधानको धारा १६९ को उपधारा ९२० को खण्ड (क) बमोजिम मन्त्रीको राजीनामा गराएको हो ।

केन्द्रमा एमाले कांग्रेस सत्तासमीकरण बनेसँगै प्रदेशमा पनि सोहीअनुसार सरकार गठनका लागि एमालेका आर्थिक माभिला तथा योजनामन्त्री जगन्नाथ थपलिया, वन तथा वातावरणमन्त्री केशवप्रसाद पोखरेल, स्वास्थ्य मन्त्री रामेश्वर श्रेष्ठ, खानेपानी, ऊर्जा तथा सिँचाइमन्त्री एकलाल श्रेष्ठ र उद्योग, वाणिज्य, भूमि तथा प्रशासनमन्त्री

प्रकाश श्रेष्ठले पदबाट राजीनामा दिएका थिए ।

उनीहरुको राजीनामा पछि प्रदेशप्रमुख यादवचन्द्र शर्माले मौजुदा मन्त्रिपरिषद्को पुन: गठन गरेका थिए । प्रदेशप्रमुख शर्माले मुख्यमन्त्री जम्कट्टेलको सिफारिसमा मन्त्रीविहीन रहेका मन्त्रालयहरु आर्थिक मामिला तथा योजना मन्त्रालय, वन तथा वातावरण मन्त्रालय, स्वास्थ्य मन्त्रालय, खानेपानी, ऊर्जा तथा सिँचाई मन्त्रालय र उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालयको कार्यभार मुख्यमन्त्रीलाई तोकेका हुन् ।

प्रदेशका १३ मन्त्रालयमध्ये ८ मन्त्रालयमा मन्त्री कायम रहेका छन् । सरकारमा ८ मन्त्रालयमध्ये माओवादी केन्द्रका ४, एकीकृत समाजवादीको ३ र हाम्रो नेपाली पार्टीको १ मन्त्री कायम रहेका छन् । सरकारमा मुख्यमन्त्री जम्कट्टेलसहित माओवादी केन्द्रबाट आन्तरिक मामिला तथा कानुनमन्त्री गंगानारायण श्रेष्ठ, भौतिक पूर्वाधार विकासमन्त्री युवराज दुलाल, सामाजिक विकासमन्त्री कुमारी मोक्षान, एकीकृत समाजवादीबाट कृषि तथा पशुपन्छी विकासमन्त्री डा.राजेन्द्रमान श्रेष्ठ, श्रम रोजगार तथा यातायातमन्त्री लक्ष्मण लम्साल, युवा तथा खेलकुदमन्त्री रमा आलेमगर र संस्कृति पर्यटन तथ सहकारीमन्त्री शैलेन्द्रमान बज्राचार्य कायम रहेका छन् ।

हेटौंडामा बाढीले बगाउँदा १० वर्षीया बालिकाको मृत्यु

साझाकुरा संवाददाता

हेटौंडा, २६ असार/हेटौंडा उपमहानगरपालिकामा खोलामा आएको बाढीले बगाएर १० वर्षीया बालिकाको मृत्यु भएको छ ।

२६ असार बुधवार साँढे २ बजे दिउँसो हेटौंडा उपमहानगर पालिका-१८ बरौलीखोलामा आएको बाढीले बगाएर स्थानीय धनबहादुर बलको छोरी १० वर्षीया रसमती बलको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जानकारी दिएको छ ।

मृतक बल खेतमा जाँदा खोला हेर्न क्रममा आफै चिप्लिएर खोलामा हेलिएको मकवानपुरका प्रहरी नायबउपरीक्षक लक्ष्मी भण्डारीले जानकारी दिए ।

मृतक बललाई बाढीले बगाएर करिब ५ सय मिटर तल पुऱ्याएको डिएसपी भण्डारीले बताए । उनको शव सवा ६ बजे स्थानीय र प्रहरीचौकी ठुलोदमारको टोलीले खोला किनारमा फेला पारेको थियो ।

शव पोष्टमार्टमका लागि हेटौंडा अस्पतालमा राखिएको छ । घटनामाथि थप अनुसन्धान भइरहेको डिएसपी भण्डारीले बताए ।

आ.व २०८१/०८२ का लागि सुचिकृत हुन आउने बारेको सूचना

यस कारखानालाई आ.व. २०८१/०८२ मा पशु दाना उत्पादन गर्न आवश्यक पर्ने कच्चा पदार्थ मकै, राईस ब्रान डि.ओ.सी., काँचो तोरी पिना, मसूर चुन्नी, भटमास पिना, मिनरल्स मिक्चर, मोलासिस, दाना प्याक गर्ने प्लाष्टिक बोरा तथा गाडी मर्मत सम्बन्धि काम गर्ने फर्म मसलन्द तथा छपाई सम्बन्धि काम गर्ने फर्म, हार्डवयर तथा निर्माण सम्बन्धि काम गर्ने फर्म लगायत यो संग सम्बन्धित काम गर्ने ईच्छुक फर्म, व्यवसाय, ढुवानी कर्ताले २०८१ श्रावण मसान्तसम्म कारखानाको कर्मचारी प्रशासन शाखामा पेश गर्न हुन यो सूचना प्रकाशित गरिएको छ ।

आवश्यक कागजातहरु:

- व्यवसाय दार्ताको प्रमाण पत्रको प्रतिलिपी १ थान
- कर चुक्ताको प्रमाणको प्रतिलिपी १ थान
- हस्तलिखित निवेदन १ थान
- पान अथवा भ्याट दर्ताको प्रतिलिपी १ थान

सम्पर्क स्थान:

श्री दुग्ध विकास संस्थान
डिडिसी पशु आहारा उत्पादन कारखाना

हेटौंडा-१० सिसौधारी, फोन नं. ०५७-५२०३८५,
मो.नं. ९८४००५५५७४, ९८५१००५९३६, ९८४३२१६४९८

ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?

अब निराश नहुनुहोस्...

हामी कहाँ जति सुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।

हाम्रा विशेषताहरु:

- अनलाइन फर्म भर्ने सुविधा ।
- रोड टेस्ट गराइन्छ ।
- दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
- लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
- गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।

सम्पर्क कार्यालय:
सितलमहल चोकबाट
ॐ हल जाने बाटोमा

प्रबन्ध निर्देशक: टिका कुमारी दुलाल
के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र
हेटौंडा-५, पिप्ले, मकवानपुर
सम्पर्क: ९८४५१७५४१५, ९८१७२८४६१४, ९८४५९२७०५७



साझाकुरा

हाम्रो कुरा

असारे मानसिकतामा सरकार

सरकारको नीति तथा कार्यक्रम र बजेट खर्चको तालमेल मिलाउन नसक्दा हरेक वर्ष असारमा मात्रै बजेट खर्चने प्रबृत्तिमा सधार आउन सकेको छैन । वर्षदिनभरि चुपचाप बस्ने असार लागेपछि हतारहतारमा रकम खर्चने पुनराबृत्तिन सुधार हुनुपर्ने आवाज उठेको छ । असारमै बढी रकम किन खर्चनु पर्ने ? भन्ने विषयमा कर्मचारी र जनप्रतिनिधिको फरकफरक मत पाइन्छ । वर्षभरि गरेको कामको भुक्तानी असारमा मात्रै दिइन्छ भन्ने जवाफ बढी चलनचल्तीमा छ । फेरि पनि समस्या भनेको असार लागेपछि सडक कालोपत्रे गरिरहेको दृष्यचाहिं हामीले किन हेरिरहनु पर्ने भन्ने गुनासो बारम्बार आएका छन् । असारमै भुक्तानी दिनुपर्ने मानसिकताबाट कहिले मुक्ति मिल्ला ? यो जटिल समस्या हो । प्रदेश सरकारले असारमा मात्र १३ अर्ब ३८ करोड रुपैयाँ बजेट खर्च गरेको छ । यो तथ्यांक असार २४ गतेसम्मको हो । प्रदेश सरकारले जेठ मसान्तसम्ममा कूल बजेटमध्ये ३२ अर्ब २९ करोड रुपैयाँ खर्च गरेको थियो । १७ असारसम्म प्रदेश सरकारका बिभिन्न निकायले ३७ अर्ब १७ करोड रुपैयाँ खर्च गरेकोमा एक सातामा मात्र ८ अर्ब ५७ करोड रुपैयाँ खर्च गरेका छन् ।

एक सातामा सँढि आठ अर्ब रुपैयाँ खर्च गर्नु भनेको 'असारे विकासमोह' लाई नै निरन्तरता दिनु हो । बागमती प्रदेश सरकारले चालु आर्थिक वर्ष २०८०/८१ मा कुल बजेटको ७२.८३ प्रतिशत खर्च गरेको छ । प्रदेशका १३ मन्त्रालय र मातहतका निकायले चालु आर्थिक वर्षका लागि विनियोजित ६० अर्ब रुपैयाँमध्ये ४५ अर्ब ६७ करोड रुपैयाँ खर्च गरेको छ । सरकारको खर्च गर्ने प्रणालीमा सुधार गर्नुपर्ने वा नीति तथा कार्यक्रम बनाउँदा खर्च गर्न सकिने मात्र बनाउनु पर्ने विषयमा बहस चलाउनु पर्ने आर्थिक विज्ञहरुको सुझाव छ । प्रदेश लेखानियन्त्रक कार्यालयका अनुसार प्रदेश सरकारका निकायले चालु खर्चतर्फ १७ अर्ब १२ करोड रुपैयाँ खर्च गरेका छन् । जुन कुल विनियोजनको ६५ प्रतिशत मात्र हो । पुँजीगततर्फ प्रदेश सरकारले २८ अर्ब ५४ करोड रुपैयाँ खर्च गरेको छ । जुन कुल विनियोजनको ७९ प्रतिशत हो । सरकारको खर्च प्रणालीमा खाता बन्द हुने दिन असार २४ गतेमात्र २ अर्बभन्दा बढी रकम भुक्तानी भएको छ । भुक्तानी प्रणाली बन्द हुनुअघि प्रदेश सरकारले वर्षभरि गरेका क्रियाकलापअन्तर्गत २ अर्ब रुपैयाँभन्दा बढी रकम एकैदिन खर्च भएको तथ्यांक छ । चालु आर्थिक वर्ष खानेपानी ऊर्जा तथा सिँचाइ मन्त्रालयको खर्च प्रतिशत सबैभन्दा बढी देखिएको छ । मुख्यमन्त्री तथा मन्त्रीपरिषद् कार्यालयको खर्च प्रतिशत न्यून छ । खानेपानी, ऊर्जा तथा सिँचाइ मन्त्रालयले कुल विनियोजित बजेटको ९१.१७ प्रतिशत रकम खर्च गरेको छ । आर्थिक मामिला तथा योजना मन्त्रालयका लागि विनियोजित १७ करोड ९० लाख रुपैयाँमध्ये १२ करोड ५६ लाख रुपैयाँ ७०.१५ प्रतिशत खर्च भएको छ ।

२ अर्ब ९७ करोड ८ लाख ९२ हजार रुपैयाँ बिनियोजन भएको कृषि तथा पशुपन्छी विकास मन्त्रालयले १ अर्ब ९८ करोड १४ लाख रुपैयाँ अर्थात् ६६.६९ प्रतिशत रकम खर्च गरेको छ । आन्तरिक मामिला तथा कानुन मन्त्रालयको ६३ करोड ६५ लाख रुपैयाँमध्ये ४० करोड ३१ लाख रुपैयाँ खर्च भएको देखिन्छ । पर्यटन, उद्योग तथा सहकारी मन्त्रालयले ७५.१२ प्रतिशत बजेट खर्च गरेको छ । वन तथा वातावरण मन्त्रालयका लागि विनियोजित ३ अर्ब ६ करोड ४९ लाख रुपैयाँमध्ये २ अर्ब २४ करोड ६४ लाख रुपैयाँ (७६.५६ प्रतिशत) खर्च भएको छ । भौतिक पूर्वाधार विकास मन्त्रालयले बिनियोजित रकमको ७७.७७ प्रतिशत खर्च गरेको छ । सामाजिक विकास मन्त्रालयले ७८.१९ प्रतिशत, स्वास्थ्य मन्त्रालयले ७८.६७ प्रतिशत र श्रम रोजगार तथा यातायात मन्त्रालयले ५६.२७ प्रतिशत रकम खर्च गरेको देखिन्छ । प्रदेशसभा सचिवालयले ६८.९१ प्रतिशत, प्रदेश लोकसेवा आयोगले ६२ प्रतिशत, मुख्य न्यायाधिवक्ताको कार्यालयले ८१.९६ प्रतिशत, प्रदेश नीति तथा योजना आयोगले ६०.२१ प्रतिशत रकम खर्च गरेको प्रदेश लेखानियन्त्रक उपाध्यायले जानकारी दिएका छन् ।

महत्वपूर्ण टेलिफोन नम्बरहरू

साझाकुरा

मकवानपुर प्रहरी	
प्रहरी कन्ट्रोल:	१००
जिल्ला ट्राफिक:	५२०५९९
बडा प्रहरी:	५२०२९९
पशुपतिनगर इलाका:	५२०५९८
पालुङ इलाका:	६२०४६७
मनहरी इलाका:	९८५५०९०१६१
इलाका फापरबारी:	६२१९८०
इलाका भीमफेदी:	६९१४६२
इलाका ठिंगन:	९८४५२९९३८१
चौकीटोल चौकी	९७४२५५९५०१
चिल्लाङ चौकी:	६९२०००
चौघडा चौकी	९८४४०५४६०४
नेवारपानी चौकी:	९७५५०००२९९
फाखेल चौकी:	९८४५०३१३९८
पदमपोखरी चौकी:	९८४५०९९७८९

एम्बुलेन्स सेवा	
नेपाल रेडक्रस:	५२०७११, ९८५५०२८९५२
हेटौंडा अस्पताल:	५२०३०५
परिवार नियोजन संघ:	५२०७४५,९८४५१०४५००
मनहरी रेडक्रस:	९८४५१०५८२१
छतिवन रेडक्रस:	९८६१६२२३११
भीमफेदी रेडक्रस:	६२०६९९
पालुङ रेडक्रस:	९८१४२०७४०१
बडबाराही रेडक्रस:	९८४५३०२९८४
सहकारी अस्पताल:	०५७-५२६५८७, ९८४५३१९१४
बसामाडी एम्बुलेन्स:	९८४५२९७४७९
बाहुण यन्त्र:	१०१
बाल हेल्पलाइन नेपाल:	१०९८
माइती नेपाल:	५२१०५०
अपाङ्ग बाल अस्पताल	९८४५२९६४५

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

भोलिको पात्रो

भोलि वि.सं. २०८१ असार २८ गते शुक्रबार १२ जुलाई २०२४ । षष्ठी, आषाढ शुक्लपक्ष । दिल्लाध्व ११४४ ने.सं. । सूर्योदय ५:१८, सूर्यास्त ७:०० ।

आजको राशिफल

मेष	: भूमिबाट लाभ लिने समय छ	तुला	: लेनदेनमा विवाद हुनेछ
वृष	: बिग्रिएको सम्बन्ध सुधार्ने मौका छ	वृश्चिक	: धार्मिक कार्यले फाइदा हुनेछ
मिथुन	: महत्वाकांक्षी योजना फलीभूत हुनेछ	धनु	: मन खिन्न बनाउन सक्छ
कर्कट	: काममा परिवारको सहयोग मिल्नेछ	मकर	: दिन उत्साहपूर्ण बन्नेछ
सिंह	: स्वास्थ्यमा कमजोरी हुनेछ	कुम्भ	: नयाँ ज्ञान सिक्ने अवसर मिल्नेछ
कन्या	: उपचारमा खर्च हुनेछ	मीन	: व्यावसायिक यात्राको सम्भावना छ

नेपाली राजनीति : गतिहीनताबाट पश्चगमनतर्फ ?

✍जनक शाह

नेकपा माओवादी केन्द्रका अध्यक्ष तथा प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डको म्याजिक नम्बरको दुष्चक्रले नेपाली राजनीति गतिहीनता तर्फ अग्रसर रहँदै आयो ।

यसको विकल्पको रूपमा आएको संसद्का दुई प्रमुख दल नेपाली कांग्रेस र नेकपा एमालेको नयाँ गठबन्धनले यथास्थितिबाट थप प्रतिगमनतर्फ डोऱ्याउने हो कि भन्ने संशय उब्भेको छ यद्यपि यो परिस्थितिका लागि प्रचण्डको अस्थिर कार्यशैली र उपयोगवाद नै जिम्मेवार छ ।

अग्रगमन र पश्चगमनको चेपुवामा संविधानसभाबाट अपूरो संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संविधान निर्माण भइसकेपछिका राजनीतिक घटनाक्रमहरू स्वाभाविक रहेनन् । संविधानमा रहेका अपूर्णताका कारण बारम्बार सही नेतृत्व राज्य सञ्चालनमा पुग्न सक्ने अवस्था रहेन । संविधान संशोधन मार्फत संविधानमा रहेका अपूर्णताहरूलाई पूरा गर्ने दिशातर्फ सकारात्मक बहस गर्ने फुर्सद नेपाली राजनीतिका कथित शीर्ष नेताहरूलाई कहिल्यै भएन ।

राजनीति निरन्तर संघीय संसद्मा रहेको अंकको खेल नीतिमा फस्न पुग्यो । बार म्बार सरकारमा भइरहने फेरबदलको कुर्सी खेलले जनचाहना अनुरूपको कुनै डेलिभरी दिन सकेन । नेपाली राजनीतिमा नकारात्मक भाष्यहरूले पराकाष्ठा नाघ्न थाल्यो ।

तीनै तहको चुनावमा कांग्रेससंग गठबन्धन गरेका प्रचण्डले नेपाल समाजवादी पार्टीका अध्यक्ष बाबुराम भट्टराईसँग राजनीतिक सहकार्यको नाटक मञ्चन गर्दै सत्ताका लागि जीवनदान पाएकै हुन् । संघीय आमचुनाव पछि अवसरवादको पराकाष्ठा नाघ्दै एमालेसँग सहकार्य गर्ने निर्णय लिंदा उनी प्रधानमन्त्री बने । तर यो क्रम बन्द भएन, अस्वाभाविक रूपमा लगत्तै राष्ट्रपति निर्वाचनमा एमालेलाई असहयोग गरी कांग्रेसका उम्मेदवार रामचन्द्र पौडेललाई जिताएपछि एमालेसँगको गठबन्धन तोडिन पुग्यो ।

त्यसपछिको कांग्रेससँगको गठबन्धन पनि टिकाउ हुन सकेन । पुन: एमालसँग प्रचण्ड सत्ताको लगनगाँठोमा जोडिन पुग्यो । यस्तो प्रकारको चरम राजकीय अस्थिरताका बाछिटाहरू प्रदेश सरकारसम्म पुगे र निरर्थक उथलपुथल हुँदै गए ।

यसरी दोस्रो संघीय आम निर्वाचनपछि संघीय संसद्मा कुनै पनि राजनीतिक दलको बहुमत नआउँदा संसद्मा भएको पहिलो र दोस्रो दलबीचको अन्तरविरोधमा खेल्दै तेस्रो दलको च्याखे दाउको दुष्चक्रमा संघीय संसद् फस्न पुग्यो ।

हड प्रार्लियामेन्टमा माओवादीसँग रहेको ३२ सिट प्रचण्डलाई जादुमयी लाग्न थाल्यो । फेरि फेरि सरकारको स्वाद चाख्ने तर जनपक्षीय काम, शान्ति प्रक्रियाका बाँकी काम र संविधान संशोधनका अग्रगामी एजेण्डाहरू उपर पहलकदमी लिने सवालमा कत्ति पनि ध्यान पुग्न सकेन ।

सरकारको नयाँ चक्रको प्रचण्ड रणनीतिमा फस्नेको पेच

कांग्रेस र एमालेबीचको अन्तरविरोधमा खेल्दै आएका प्रधानमन्त्री प्रचण्ड आफ्नो सरकारको नयाँ चक्र सुरु गर्ने रणनीति बुन्दा नबुन्दै कांग्रेस र एमालेबाट भएको छापामार प्रत्याक्रमणको भेउ नपाउँदा प्रचण्डको म्याजिक नम्बरको खेल निस्तेज भएको छ भने उनको नयाँ सरकारको चक्र सुरु गर्नेको रणनीतिको पेच फस्न पुगेको छ ।

तर पनि पछिल्ला राजनीतिक घटनाक्रमहरूबाट रणनीतिक रूपमा उत्साहित हुनुपर्ने अवस्था भने छैन । यद्यपि सरकारमा जसरी पनि रहिरहन उद्यत रहने तर डेलिभरी नदिने, शान्ति प्रक्रियालाई तार्किक निष्कर्षमा पुऱ्याउन उदासीन रहने र उद्दै गरेको संविधान संशोसनको सवालमा अग्रगामी निकास दिने सन्दर्भमा कुनै पहलकदमी नलिने, एजेण्डा मिल्ने ठूला साना दलहरूसँग सहकार्य गर्नु भन्दा तोडफोड गर्न उद्यत रहने आदि जस्ता विषयमा प्रचण्ड अब आत्मा आलोचित हुनु नै पर्दछ ।

अग्रगमन र प्रतिगमनबीच अझको रस्साकस्सी

त्यसपछिको अब हेर्नुपर्ने विषय भनेको कांग्रेस र एमालेले भने बमोजिमको सक्सेम्म धेरै दल सहभागी हुने गरी राष्ट्रिय सरकार बनाउने र संविधान संशोधन गर्ने कुराको फेहरिस्त कस्तो आउँछ त्यो महत्वपूर्ण हुन जान्छ । कांग्रेस-एमाले गठबन्धनको संविधान संशोधनको कन्टेन्ट के हुने ?

हामीले भने झैं अहिले चर्चामा आएका प्रत्यक्ष निर्वाचित राष्ट्रपति र मुख्यमन्त्री, प्रत्यक्ष निर्वाचनमा आधारित पूर्ण समानुपातिक संसद्, शक्तिशाली जनलोकपाल, संघीयताको मर्म बमोजिमको नेपालको संघीयता आदि लगायतका अग्रगामी एजेण्डाहरूमा कांग्रेस-एमाले गठबन्धनको धारणा औपचारिक रूपमा आइसकेको छैन । यसका लागि केही दिन पर्खिनुपर्ने भएको छ ।

अहिलेको संविधानलाई उपलब्धिको रूपमा विश्लेषण गर्दा प्रतीकात्मक रूपमा आधा गिलास भरी र आधा खाली रहेको रूपमा लिन सकिन्छ । संविधानको अग्रगामी संशोसनले खाली भएको आधा गिलास भर्ने नै हो । यसो हुँदैन र यस बाहेकको संविधान संशोधन गर्ने दिशातर्फ कांग्रेस-एमाले गठबन्धन अघि बढे मुलुक प्रतिगमनतिर गएको मान्नुपर्दछ ।

त्यसैले आधा गिलास भरी र आधा खाली रहेको अवस्थामा, खाली भएको आधा भर्ने कि भरिएको आधा पोख्ने ? भन्ने विषय टड्कारो रूपमा उठ्छ नै । यो विषय नबुझी कांग्रेस-एमाले गठबन्धनमा सहभागी हुन आतुर भएर हतारहतार घोषणा गर्ने केही मधेशवादी दलहरूको हविगत देख्दा दया मान्नुपर्ने अवस्था भने सिर्जना भएको छ ।

संविधानमा भएका अहिलेका व्यवस्थाहरूलाई बाधकको रूपमा लिई त्यसभन्दा उन्नत विकल्प भन्दा अन्यथा संशोधन गर्ने सहमति यदि कांग्रेस-एमाले बीच भएको छ भने त्यसलाई प्रतिगमनकै तानाबाना मान्नुपर्ने हुन्छ । यस्तो बेला संविधानको रक्षा र संविधानको अझ उन्नत समृद्धिकरणका लागि सम्पूर्ण अग्रगमनकारी शक्तिहरूले बलियो गरी उभिनुपर्ने हुन्छ ।

(साभार: अनलाइनखबर)

निजामती कर्मचारीमा रुपान्तरण अत्यावश्यक

✍ सागर पण्डित

जनताको लामो त्याग र संघर्षबाट प्राप्त भएको संघीय लोकतान्त्रिक शासन व्यवस्थाको सफलतम कार्यान्वयनमा सबै पक्षको भूमिका प्रभावकारी हुन्छ । यसलाई सफल बनाउने प्रमुख दायित्व भने राजनीतिक नेतृत्व र कर्मचारीतन्त्रकै हो । स्थायी सरकारको रुपमा रहेको कर्मचारी संयन्त्रको भूमिका अझै बढी महत्वपूर्ण छ। किनकि सरकारका नीति, योजना र कार्यक्रमलाई जनतासमक्ष लैजाने काम नै कर्मचारीतन्त्रको हो । त्यसैले संघीय शासनलाई सफल बनाउन हाम्रा कर्मचारीतन्त्रमा आमूल रुपान्तरण जरुरी छ ।

चालू आर्थिक वर्षमा सरकारले १४ सय अर्ब राजस्व संकलनको लक्ष्य राखेको भए पनि हालसम्म मुस्किलले १ हजार अर्ब मात्रै संकलन भएको छ । यस हिसाबले झन्डै ४ सय अर्ब राजस्व गुमेको देखिन्छ ।

४ सय अर्ब राजस्व किन र कसका कारणले गुम्यो भन्ने विषयमा सरकारी अधिकारीहरूले ठण्डा दिमागले सोचेको पाइँदैन । वास्तवमा राजस्व छली र चुहावटलाई कडाइका साथ नियन्त्रण गर्न नसक्दा त्यति धेरै राजस्व गुमेको हो भन्दा अत्युक्ति हुँदैन ।

राजस्व संकलन गर्ने सरकारी निकायमा रहेका कर्मचारीहरूलाई यो दुःखदायी अवस्थाले कहिल्यै पनि पिरोल्दैन । वास्तवमा त्यति धेरै राजस्व गुमाउनुपर्ने अवस्था के कसरी आयो भन्ने बारेमा सरकारका सरोकारवाला निकायमा रहेका उच्च तहदेखि सबै खाले कर्मचारीहरुले ठण्डा दिमागले सोच्नै पर्ने भएको छ ।

अर्थ मन्त्रालय, आन्तरिक राजस्व विभाग र मातहतका कार्यालय, भन्सार विभाग र मातहतका कार्यालयहरु, राजस्व अनुसन्धान विभागलगायतका नियमन निकायहरुले राजस्व संकलन वृद्धि गर्न आफूहरुको भूमिका किन कमजोर भयो भनेर गम्भीरतापूर्वक सोचिदिने र विश्लेषण गरिदिने हो भने पनि आगामी दिनमा राजस्व चुहावट र छलीमा निकै कमी आउन सक्छ । राजस्व संकलन गर्ने भूमिकामा रहेका आम कर्मचारीहरु नैतिकवान्, इमानदार र पारदर्शी बन्न सके भने पक्कै पनि राजस्व चुहावट र छली गर्ने पक्ष निरुत्साहित हुनेछन् । यस कार्यमा माथिल्लो तहबाट मुख्य निगरानी गर्न राजनीतिक नेतृत्व आफैं भ्रष्ट र अनैतिक बन्न पुग्दा पनि समस्या हुने गरेको छ ।

संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थालाई हाँक्ने महत्वपूर्ण जिम्मेवारीमा रहेको र स्थायी सरकारको रुपमा रहेको कर्मचारीतन्त्रले चाहेमा धेरै हदसम्म मुलुकमा सुशासन, सुधार र विकास सम्भव रहन्छ । कर्मचारीतन्त्रले चाहेन भने राजनीतिक नेतृत्वले चाहँदैमा मात्रै मुलुकको विकास र समृद्धि हुन सक्दैन । त्यसै गरी मुलुकमा सुशासन कायम गर्न पनि यहाँको कर्मचारीतन्त्रले इमानदारिता, नैतिकतामा रहेर काम र जिम्मेवारी सम्पन्न गर्न सक्नुपर्छ ।

मुलुकमा सुशासन स्थापना गरी विकासलाई गति दिन पनि कर्मचारीतन्त्रमा सुधार हुनै पर्छ । संघीय शासन प्रणाली सफलताको प्रमुख आधारको रुपमा रहेको कर्मचारीतन्त्रमा सबैभन्दा पहिला आचरणमा सुधार हुन जरुरी छ । हाम्रा कर्मचारीहरु ज्ञान, सीप र क्षमताका हिसाबले निकै माथि छन् तर ती सबैलाई सत्मार्गमा लैजानका लागि राम्रो आचरण हुन सकेन भने ज्ञान र सीपले मात्रै केही गर्न सक्दैन । त्यसैले आम कर्मचारीमा आचरणसम्बन्धी क्षमतामा सुधार हुन जरुरी छ । तर उनीहरु आचरण सुधार्ने क्षमता नै राख्न नसक्ने भएकाले हिजोका दिनमा कर्मचारीप्रति आम जनताको आस्था घट्न पुगेको हो । अधिकांश कर्मचारीहरुमा कामप्रति लगावसमेत देखिँदैन । कहाँ कसरी हुन्छ आफ्नै स्वार्थपूर्ति गर्ने र धनार्जन गर्ने कार्यमा मात्रै उनीहरुको ध्यान जाने गरेको छ । त्यसैका कारण जनताका काममा विभिन्न प्रकारका सास्ती दिने गरिरहेका छन्, जुन निकै दुःखद छ ।

संघीयता सफल बनाउने हो र यो शासन प्रणालीले आत्मसात् गरेका मूल्य र मान्यतालाई जनतासमक्ष सफल किसिमले लैजाने हो भने विद्यमान कर्मचारीतन्त्रलाई आचरणमा सुधार गराई सुशासनयुक्त बनाउनुका साथै उनीहरुमा अभाव देखिएका तीनवटा चरित्रको विकास गराउन जरुरी छ । आम कर्मचारीलाई राष्ट्रप्रतिको समर्पणको भावानाले ओतप्रोत गराउन सक्नुपर्छ । त्यसै गरी आम कर्मचारीहरुमा राष्ट्रियताप्रतिको सम्मान भावना निर्जना गराउन सक्नुपर्छ भने अर्को महत्वपूर्ण विषय भनेको आम कर्मचारीमा जनताप्रतिको सेवाभावको अत्यधिक विकास गराउन सक्नुपर्छ ।

अब यी विषयहरु सबै कर्मचारीका लागि पूर्वसर्त नै बनाइनुपर्छ । यसो त माथिका ती महत्वपूर्ण चरित्रहरु राजनीतिक नेता, नागरिक समाजलगायत समाजका सबै वर्ग र क्षेत्रमा उत्तिकै जरुरी रहन्छ । तर स्थायी सरकार हाँक्ने जिम्मेवारीमा रहेको निजामती प्रशासनमा ती चरित्रहरु समाहित हुन पुगे भने मुलुकमा विकास र प्रगतिको ढोका चाँडै खुल्न सक्ने निश्चित छ ।

कर्मचारीलाई देशप्रति जिम्मेवार बनाएर उनीहरुमा सच्चरित्रताको विकास गराउनका लागि ऐन नियममा नै सेवा प्रवाहको पाटो, जिम्मेवारी र जवाफदेहिताको पाटोलाई स्पष्ट व्यवस्था गरिनुपर्छ । यसै गरी कर्मचारीले काम बिगार्दा हुने कारबाहीको व्यवस्था, नागरिक क्षतिपूर्तिको पाटो पनि ऐन नियममा नै समाविष्ट गर्नुपर्छ । अनि मात्रै कर्मचारीलाई कामप्रति समर्पित बनाउन सकिन्छ । राजनीतिक नेतृत्व जसले शासन सञ्चालन चलाइरहेका छन् उनीहरु पनि आमूलरुपमा सचिएर कर्मचारीलाई पनि सही बाटोमा डोऱ्याउन सक्नुपर्छ ।

सबै क्षेत्रमा सबैभन्दा ठूलो आवश्यकता भनेकै अनुशासन हो । धेरै कर्मचारीहरु व्यक्तिगत फाइदामा डुब्ने र अराजक प्रवृत्तिका पनि छन् । अबका कर्मचारीले जनताले अपेक्षा गरेअनुसार आफूलाई रुपान्तरण गर्नै पर्छ । विभिन्न खाले राजनीतिक परिवर्तन भएका छन् । ती सबै राजनीतिक परिवर्तन र परिवर्तनपछि पनि यही कर्मचारीतन्त्र नै रहँदै आएको छ । सबै राजनीतिक कोर्समा यही कर्मचारीतन्त्रले आफूलाई मोबिलाइज्ड गर्दै आइरहेको छ ।

हाम्रो कर्मचारीतन्त्रले विगतदेखि नै सबै खाले परिवर्तनलाई नजिकबाट नियाल्दै आइरहेको छ । तर परिवर्तनले स्थापित गरेका राजनीतिक मूल्य र मान्यताहरुलाई जनताको घरदैलोमा पुऱ्याउने महत्वपूर्ण भूमिकामा रहेका कर्मचारीहरुले त्यो महत्वपूर्ण भूमिकालाई आत्मसात् गर्न नसक्दा मुलुकले विगतमा धेरै प्रकारका समस्याहरु भोग्नुपरेको तीतो यथार्थ हामीसामु छ । त्यसैले अब भने संघीय लोकतान्त्रिक गणतन्त्रले स्थापित गरेका मूल्य र मान्यताहरुलाई जनतासमक्ष पुऱ्याउने कार्यमा कर्मचारीतन्त्र चुक्नुहुँदैन । यो कर्मचारी वर्गको ऐतिहासिक जिम्मेवारी पनि हो ।

कर्मचारीहरुले जनताको कामलाई बोझको रुपमा भन्दा पनि अवसरको रुपमा लिन सक्नुपर्छ । जनताको अपेक्षा कर्मचारीतन्त्रप्रति खासै ठूलो छैन । जनताको कर्मचारीतन्त्रप्रति व्यक्तिगतभन्दा पनि राष्ट्रिय खालको अपेक्षा रहेको छ । गाउँघरको विकास हुनुपऱ्यो, पानीको व्यवस्था हुनुपऱ्यो, शिक्षा र स्वास्थ्य सुलभ हुन सकोस्, सेवा प्रवाह राम्रो होस् भन्ने नै आम जनताको कर्मचारीप्रतिको अपेक्षा हो । जनताका यी अपेक्षा पूरा गर्ने निकायमा रहने कर्मचारीहरुले जनताको चाहनाअनुसार काम गर्नुपर्छ ।

विनाभन्झन्झट काम हुनुपर्ने र कर्मचारीको व्यवहार परिवर्तन हुनुपर्छ भन्ने जनताको चाहना छ । कर्मचारीहरुबाट मालिकको जस्तो व्यवहार हुनुहुँदैन भन्ने पनि उनीहरुको चाहना छ । जनताको करबाट तलब खाने कर्मचारीले शासक होइन हामी त जनताको सेवक हौं भन्ने किसिमले सोच्नुपर्छ । हामी जनताको सेवक हौं भन्ने किसिमको अनुभूति कर्मचारीले गर्नुपर्छ र सोही अनुसार जनताको काममा समर्पित भएर लाग्नुपर्छ ।

जनताको अपेक्षा अग्रगामी किसिमको छ तर हाम्रो कर्मचारीको सोच भने पुरातनवादी खालको छ । नतिजामा भन्दा प्रक्रियामा बढी ध्यान दिने, कामहरु अहिल्यै गर्नुभन्दा एक-दुई दिन थाती राखिदिने, जिम्मेवारी पन्छाइदिने, ढिलो गरिदिने प्रवृत्ति वर्षौं अघिदेखिको हो । काम राम्ररी नगरिदिने, जनताको कामलाई सामान्यरुपमा हल्का किसिमले लिने प्रवृत्ति हाबी छ, अहिलको कर्मचारी प्रशासनमा । हाम्रो कर्मचारी प्रशासनले नतिजामा खासै ध्यान दिने गर्दैन । अब जनअपेक्षाअनुसार कर्मचारी रुपान्तरण हुनुपर्छ । पहिलो काम रुपान्तरण हो ।

विकसित देशमा कर्मचारीको आचरणलाई मुख्य प्राथमिकता दिने गरिन्छ । विकसित देशमा असल आचरण पालना गर्न सक्ने व्यक्तिहरु मात्रै सरकारी सेवामा प्रवेश गर्न पाउने मुख्य प्रावधान राख्ने गरिन्छ । सरकारी सेवामा प्रवेश गर्ने भनेको जागिर खाने मात्रै होइन । यो बेरोजगारलाई रोजगारी दिने मात्रै होइन । सरकारको तर्फबाट प्रतिनिधिको रुपमा काम गर्ने गहन जिम्मेवारी लिने हो । त्यसैले जिम्मा लिनेले सोही अनुसारको आचरणको विकास गर्नैं पर्छ । निजामती सेवामा आउनुभन्दा पहिला जागिरे प्रवृत्ति र सोचको अन्त्य गर्नुपर्छ ।

संघीय शासनको अभ्यास भएको ९ वर्ष पुगिसक्दासमेत अझै सरकारी सेवाको स्पष्ट नीति बन्न सकेको छैन । संघीय शासन अनुरुप कर्मचारीलाई सञ्चालन गर्ने संघीय निजामती सेवा ऐन हालसम्म बन्न सकेको छैन । अझै संघ, प्रदेश र स्थानीय तहमा सरकारी सेवामा एकरुपता ल्याउन राष्ट्रिय निजामती नीति अत्यावश्यक छ । अहिले तीनवटै तहको निजामती प्रशासन तदर्थका आधारमा संकमणको अवस्थाबाटै सञ्चालन भइरहेको छ, जसका कारण तीनवटै तहले प्रभावकारी सेवासमेत दिन सकेका छैनन् । यो अवस्थाको छिटोभन्दा छिटो अन्त्य गर्न जरुरी छ ।

अब सबै कर्मचारीले आ-आफ्नो जिम्मेवारीमा रहेका कामलाई इमानदारीपूर्वक सम्पन्न गर्न सक्नुपर्छ । माथि नै भनियो कि मुलुकमा भइरहेको राजस्व छलीको भयावह अवस्था कर्मचारीहरुकै अक्षमता र कुशासनको परिणाम हो । कर्मचारी नसच्चिदासम्म मुलुकमा अन्य क्षेत्रहरुमा पनि यस्तै खालका समस्याहरु देखिने गरेका छन् ।

त्यसैले अब जनताको मनमा स्पर्श गर्न सक्ने गरी हाम्रा कर्मचारीले आफ्नो आचरण सुधार गर्दै जनतालाई केन्द्रबिन्दुमा राखेर काम गर्नुपर्छ । नैतिकवान् बन्न सक्नुपर्छ । भ्रष्टाचारमा शून्य सहनशीलताको नीति अवलम्बन गर्नुपर्छ र आमूल रुपान्तरण हुनै पर्छ ।

(साभार: नेपाल समाचार-पत्र)

माधव नेपाल फेरि पनि प्रचण्डकै सारथि

काठमाडौं /आफ्नो सरकार अल्पमतमा परेपछि प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले बुधबार बालुवाटारमा समाजवादी मोर्चामा आबद्ध दलका नेताहरुसँग छलफल गरेका छन् । मोर्चामा आबद्ध दलका प्रमुखहरु बोलाइएपनि जनता समाजवादी पार्टी (जसपा), नेपालका अध्यक्ष उपेन्द्र यादव बालुवाटार गएनन् । प्रधानमन्त्री प्रचण्डकै सहयोगमा गत २३ वैशाखमा आफ्नो पार्टी विभाजन गरिएको निष्कर्षमा रहेका उपेन्द्र यो छलफलमा नजानु स्वाभाविक थियो ।

किनकि प्रचण्ड नेतृत्वको सरकारबाट नेकपा एमाले सहितका दलहरुले भन्दा पहिले उपेन्द्रले समर्थन फिर्ता लिइसकेका छन् । ३१ वैशाखमा उपेन्द्रले समर्थन फिर्ता लिने निर्णय गरेपछि प्रधानमन्त्री प्रचण्डले गत ७ जेठमा चौथोपटक विश्वासको मत लिएर बहुमत देखाएका थिए । त्यसैले मोर्चाका एक संस्थापक दलका नेता भए पनि उपेन्द्र यादव बालुवाटार छलफलमा गएनन् ।

तर उनी बाहेक मोर्चाका अरु नेताहरु भने छलफलमा सहभागी भए । प्रधानमन्त्री सचिवालय स्रोतका अनुसार, २८ असारमा प्रधानमन्त्रीले संसदमा लिन लागेको विश्वासको मत र मोर्चाको भावी कार्यदिशाबारे छलफल गर्न नेताहरुलाई बोलाइएको थियो ।

छलफलमा माओवादी केन्द्रका वरिष्ठ उपाध्यक्ष नारायणकाजी श्रेष्ठ, एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाल र सम्मानित नेता झलनाथ खनाल, नेपाल समाजवादी पार्टीका अध्यक्ष महिन्द्र राय यादव, नेपाल कम्युनिष्ट पार्टीका महासचिव नेत्रविक्रम चन्द लगायत सहभागी थिए ।

यो छलफलमा भाग लिएकामध्ये यादव प्राविधिक रुपले मात्रै अलग दलका नेता छन् भने संसदीय मोर्चामा नरहेका चन्दलाई बदलिएको परिस्थितिसँग खासै लेनदेन देखिँदैन । यो छलफलमा सहभागी माधव र झलनाथको उपस्थिति चाहिं अर्थपूर्ण छ ।

किनकि प्रतिनिधिसभामा एकीकृत समाजवादीसँग १० सिट छ, र बेलाबेला प्रचण्डसँग यो पार्टीको असन्तुष्टि सार्वजनिक हुने गरेको छ । प्रचण्ड नेतृत्वको वर्तमान सरकार फेरेर नेपाली कांग्रेस र एमालेको नयाँ सरकार बनाउने निर्णय गरेको अघिल्लो दिन (१६ असारमा) मात्र पनि सार्वजनिक मञ्चबाटै प्रधानमन्त्री प्रचण्ड र एकीकृत समाजवादीबीच रहेको असन्तुष्टि सार्वजनिक भएको थियो । प्रज्ञा भवन कमलादीमा एकीकृत समाजवादीको दशौं राष्ट्रिय महाधिवेशन उद्घाटन समारोहबाटै प्रचण्डले माधव नेपालसँग गुनासो गरेका थिए । माधव नेपालले माओवादीलाई अस्थिर र सैद्धान्तिक अन्योलमा रहेको पार्टीभनेर राजनीतिक प्रतिवेदन तयार पारेकोप्रति प्रचण्डको आपत्ति थियो ।

'त्यो (अस्थिर माओवादी) भन्ने अधिकारमा म प्रश्न उठाउन चाहन्न, हरेक पार्टीले अर्को पार्टीलाई हेर्ने दृष्टिकोण हुन्छ । तपाईंहरुलाई जे बनाउन उचित लाग्छ बनाउनुहोस्', उनले भनेका थिए ।

तर एकीकृत समाजवादीले निष्कर्ष निकालेजस्तो माओवादी अस्थिर शक्ति नभएको पुष्टि गर्न प्रचण्डले लामै व्याख्या गरेका थिए । प्रचण्डले सार्वजनिक रुपमै गुनासो गरेपछि कार्यक्रम चलाइरहेका महासचिव घनश्याम भूसालले मञ्चबाटै माओवादी शक्तिको प्रशंसा समेत गरिएको सम्भाएका थिए । भूसालले भनेका थिए, 'माओवादीलाई अस्थिर भनेको मात्र हेर्नुभयो । तर हामीले गणतन्त्रको मुद्दालाई क्रियात्मक नारामा लगेको पनि प्रतिवेदनमा लेखेका छौं ।'

यसरी असन्तुष्ट प्रचण्डलाई खुशी बनाउने प्रयत्न भूसालले गरेपनि निकट विगतको राजनीतिक घटनाक्रमले भने माधवकै निष्कर्ष सही रहेको टिप्पणी गर्न सकिन्छ । महाधिवेशनबाट पारित माधव नेपालको राजनीतिक प्रतिवेदनमा भनिएको छ, 'नेकपाको विभाजन पछि फेरि माओवाद अँगालेको हुँदा यो पार्टी स्वयं सैद्धान्तिक अन्यौलमा फसेको छ ।'

एमाले अध्यक्ष केपी शर्मा ओलीसँग दुरी बढ्न थालेको नेकपाकालीन समय (२०७६ असोज-कात्तिक) यताका घटनाक्रम हेर्दा पनि माधव नेपालले निकालेको निष्कर्ष जस्तै प्रचण्डमा अस्थिर र सैद्धान्तिक अन्यौल रहेकै पुष्टि हुन्छ । तर उनै प्रचण्डप्रति माधव नेपालको विश्वास र भरोसा देखिन्छ ।

प्रष्ट अल्पमतमा परेर सत्ताबाट बाहिरिने पक्का भएका प्रचण्डलाई विना शर्त/सहमति साथ दिने निर्णय गर्नु त्यसैको एउटा उदाहरण हो । माओवादी केन्द्रका अध्यक्ष एवं प्रधानमन्त्री प्रचण्डले जतिसुकै धोका र असहयोग गरेपनि उनैलाई साथ दिनु पार्टीको निर्विकल्प निर्णय हुँदै एकीकृत समाजवादीका नेताहरु स्वीकार्छन् ।

'एकपटक होइन, पटक पटक धोका दिनुहुन्छ, तर केपी शर्मा ओली जति धोकेबाज प्रचण्ड होइनन् भनेर सहयोग गर्दै आएका छौं', एकीकृत समाजवादीका प्रवक्ता जगन्नाथ खतिवडा भन्छन् । आफ्नो पदका निम्ति प्रचण्डले पनि सम्बन्ध र साथहरुको दुरुपयोग गर्न गरेपनि धोकेबाज नरहेको निष्कर्षकै आधारमा साथ दिंदै आएको उनी बताउँछन् । 'केरि पनि मित्र शक्ति रहेको निष्कर्षकै आधारमा प्रचण्डलाई हामी विश्वासको मत दिन्छौं । उहाँले आफू कमजोर भएको बेला सम्झने गर्नुभएको छ, तर हामी एउटै मोर्चामा रहेको भूमिका इमान्दारिताका साथ निर्वाह गर्छौं', खतिवडा भन्छन् ।

बाध्यताको विकल्प

राजनीतिक दस्तावेजबाटै अस्थिर र सैद्धान्तिक अन्योलमा फसेको पार्टी भनेर निष्कर्ष निकालेको माओवादी केन्द्रलाई लगातार पछ्याइरहनु माधव नेपालले खेप्दै आउनुपरेको संकटको उदाहरण पनि हो । जसलाई बुझ्न नेकपाकालीन विवादसम्म पुग्नुपर्छ ।

हुन त माओवादी केन्द्रका अध्यक्ष प्रचण्डले माधव नेपालसँगको सम्बन्ध र सहकार्य सम्झन पञ्चायतकालकै घटनाहरु सुनाउने गरेका छन् । उस्तै अभिव्यक्ति माधव नेपालले पनि बेलाबखत दिने गर्छन् । तर दुई नेताबीच रहेको पछिल्लो संस्करणको सम्बन्ध भने नेकपाकालीन संघर्षबाटै सुरु भएको हो । २०७४ सालको आमचुनाव र त्यसपछि झण्डै डेढ वर्ष प्रचण्डले ओलीसँग राम्रो सहकार्य गरेका थिए । चुनावमा गठबन्धन, पार्टी एकता र राजनीतिक भागबण्डा जस्ता निर्णयहरु प्रचण्डले ओलीसँगै गरेका थिए । त्यसबेला एमालेको संस्थापन इतर समूहको नेतृत्व गर्ने माधव नेपाल भने हरेकजसो निर्णयमा 'नोट अफ डिसेन्ट' लेख्थे ।

किनकि ओली र प्रचण्डले बहुमतका आधारमा सत्तादेखि पार्टीसम्मका निर्णयमा भागबण्डा गर्थे । 'म नेता हुँ, प्रचण्ड र केपीको कार्यकर्ता होइन' भन्ने माधव नेपालको अभिव्यक्ति त्यसैबेलाको परिस्थितिमा आएको थियो । तर जब तत्कालीन सभामुख कृष्णबहादुर महरा यौन दुर्व्यवहारको गम्भीर आरोप लागेर पदमुक्त भए, त्यसपछि नेकपाभित्रको शक्ति संघर्ष फेरियो ।

सभामुख पद माओवादी पृष्ठभूमिकै नेताले पाउनुपर्ने अडानमा माधवकुमार नेपाल, झलनाथ खनाल र वामदेव गौतमसम्मले प्रचण्डलाई साथ दिए । तीन नेताको साथ प्रचण्डले पाउँदा माओवादी पृष्ठभूमिबाट आएका अग्नि सापकोटा सभामुख भए । त्यसपछि प्रचण्डले माधव र झलनाथहरुसँग मिलेर ओलीसँग सम्वादमा बस्न थाले, ओली पार्टीभित्र प्रष्ट अल्पमतमा परे ।

ओली भर्सेस प्रचण्ड-माधव समूहको शक्ति संघर्ष बढेर नेकपा विघटनसम्म पुग्यो । प्रधानमन्त्रीको हैसियतमा ओलीले दुईपटक प्रतिनिधिसभा विघटनको निर्णय गरे । दुवैपटक सर्वोच्च अदालतबाट प्रतिनिधि सभा विघटनको निर्णय बदर भएपनि नेकपाको एकता जोगिएन, एमाले पनि फुट्यो ।

२ भदौ २०७८ मा एमाले फुटाएर एकीकृत समाजवादी बनाउँदा माधव-झलनाथलाई साथ दिने नेताहरुको संख्या सानो थियो । १० बुँदे सहमति गरेर ठूलो पंक्ति एमालेमै बस्यो । कतिसम्म भने माधव नेपाललाई पार्टी बनाउन राजनीतिक दलसम्बन्धी ऐन संशोधन गर्न अध्यादेश ल्याइदिनुपरेको थियो ।

केन्द्रीय कमिटी र संसदीय दलमा ४०/४० प्रतिशत पुगे मात्रै पार्टी विभाजन गर्न सकिने कानून बदल्न तत्कालीन प्रधानमन्त्री शेर बहादुर देउवाले अध्यादेश ल्याइदिएका थिए । केन्द्रीय कमिटी वा संसदीय दलमा २० प्रतिशत भए दल विभाजन गर्न सकिने अध्यादेश ल्याएर एकीकृत समाजवादी जन्मियो ।

ओलीसँग रहेको त्यो शक्ति संघर्षको संकटमा प्रचण्डले माधवलाई र माधवले प्रचण्डलाई सहयोग गरे । यी दुवैलाई देउवाको साथ रह्यो । २०७९ मा सम्पन्न तीन तहकै चुनावमा एमालेविरुद्ध कांग्रेस, माओवादी केन्द्र, एकीकृत समाजवादी सहित पाँच दलले साझा उम्मेदवारी दिए ।

तर चुनावपछि सत्ता नेतृत्वको विषयमा देउवा र प्रचण्डबीच खटपट भयो । देउवाले पहिलो कार्यकालको अडान नछोडेपछि एमालेको समर्थन लिएर १० पुस २०७९ मा प्रचण्ड प्रधानमन्त्री बने, जुन निर्णय माधव नेपालले कल्पना समेत गर्न सक्दैनथे । एमाले समर्थनमा प्रचण्ड प्रधानमन्त्री बन्दा केही समय त माधव नेपाल र एकीकृत समाजवादी प्रतिक्रियाविहीन नै बन्यो । पाँचदलीय गठबन्धनबाट चुनाव लड्दा पनि ३ प्रतिशतको थ्रेस होल्ड कटाएर राष्ट्रिय दलको मान्यता पाउन नसकेको नतिजाले बिक्षिप्त माधव नेपालसँग अर्को विकल्प पनि थिएन ।

भनै प्रचण्डले नै एमालेसँग सहकार्य तोडे । फेरि कांग्रेस सहितको सत्ता गठबन्धन भन्दा माधव नेपाल पनि देउवा र प्रचण्डसँगै आलोपालो प्रधानमन्त्री बन्ने सहमति भयो । यस्तो सहमतिले माधव नेपाललाई खुशी नै दिइरहेको थियो ।

तर गत २१ जेठमा प्रचण्डले कांग्रेससँग दोस्रोपटक गठबन्धन तोडे । ओलीसँग आलोपालो प्रधानमन्त्रीको सहमति गरेर सत्ता समीकरण फेर्दा माधव नेपाल संकटमा परे । केही दिनसम्म एमाले नेतृत्वको समीकरणमा सहभागी नहुने अडान लिएका थिए । तर प्रचण्डको जोडबल र पार्टीभित्रै दबाव बढेपछि माधव नेपाल सत्ता समीकरणमै रहे ।

यो समीकरणमा रहँदा प्रचण्ड र ओलीले माधव नेपाललाई पुरापुर बेवास्ता गरेका थिए । लगातार हुने छलफलहरुमा माधव नेपाल हुन्थेनन् । सत्तारुढको बैठकहरुको जानकारी समेत नदिइएपछि माधवले यो समीकरण धेरै नजाने अभिव्यक्ति दिन थालेका थिए । तर माधवको बोली नै बन्द हुने गरी उपेन्द्र यादवको पार्टी फुटाइयो ।

उपेन्द्रको पार्टी फुटेपछि सत्ता समीकरण जोगिएको प्रचण्डको सार्वजनिक अभिव्यक्तिले पनि त्यो बेलाको परिस्थिति बुझ्न सकिन्थ्यो । यसरी सत्ता सहयात्री फेरिरहनेदेखि सत्ता सहयात्री फुटाउने जस्ता खेल खेलिरहेका प्रचण्डलाई नै सरकारको नेतृत्वबाट हटाउने निर्णय कांग्रेस र एमालेले गरेको छ । तर सत्ता हेरफेरका निर्णयहरुमा सधैं जसो बेखबर एकीकृत समाजवादीले प्रचण्डलाई विपक्षमा बस्न सहयोग गर्दैछ ।

'प्रचण्डकै कारण हिजो ओलीविरुद्ध बनेको पाँचदलीय गठबन्धन छिन्नभिन्न भयो । सत्ताका लागि हामीलाई बेवास्ता गरिरहने काम भयो', एकीकृत समाजवादीका एक नेता भन्छन्, 'तर हामीसँग अर्को विकल्प छैन । प्रचण्डलाई साथ नदिने भनेर केपी शर्मा ओलीलाई भोट दिने भन्ने पनि त हुँदैन ।'

एकीकृत समाजवादीको यस्तो बाध्यता उसकै राजनीतिक प्रतिवेदनमा पनि देखिएको थियो । अप्ठ्यारोमा पारिरहने प्रचण्ड र माओवादीलाई अध्यक्ष माधव नेपालले सबैभन्दा निकटको शक्ति भएको निष्कर्ष प्रस्तुत गरेका थिए ।

'जनवादी क्रान्तिका उपलब्धिहरुको रक्षा गर्न (माओवादी) प्रतिबद्ध देखिन्छ । समाजवादी मोर्चामा हामी सँगै छौं', उनको प्रतिवेदनमा भनिएको छ, 'समाजवादी मोर्चालाई सुदृढ र क्रियाशील बनाई वामपन्थी शक्तिहरुबीच सहकार्यको विकास गर्नु र क्युनिष्ट आन्दोलनको एकीकरणका आधार निर्माण गर्नु अर्को एक महत्वपूर्ण कार्यभार हो । यो कार्यभार पूरा गर्न हाम्रो पार्टीले पहल गर्नुपर्दछ ।'

(स्रोत: अनलाइनखबर)

मिरुनालाई घरज्वाइँ बस्ने केटाको पखाई !

काठमाडौं/'कबड्डी ४'को 'रेकर्डब्रेक' व्यावसायिक सफलतापछि अभिनेत्री मिरुना मगरको करिअरले यतिबेला लोभलाग्दो उड्डान भरिरहेको छ । विगत ४/५ वर्षयता अभिनेत्रीहरुमध्ये सबैभन्दा बढी सफल फिल्म नै उनको खातामा छ । 'कबड्डी ४'सहित 'जारी', 'नाङ्गो गाउँ' र 'मनसरा' गरी उनका चार वटा फिल्म सफल भैसकेका छन् । र, यिनै फिल्मको सफलताले उनको डिमान्ड पनि हवात्तै बढाएको छ ।

यतिबेला अभिनेता दयाहाङ राईसँग उनको जोडी रुचाइएको छ । उनका सफल फिल्महरु पनि सबै दयाहाङसितै छन् । यसैले यो जोडी फिल्ममा लगातार दोहोरिरहेको छ । यही शुक्रबारदेखि उनीहरुको छैठौं फिल्म 'घरज्वाइँ' प्रदर्शन हुँदैछ । यो फिल्मले मगर समुदायमा प्रचलित घरज्वाइँ संस्कृतिको कथा भनेको छ । फिल्ममा मिरुनाका लागि दयाहाङ उनको घरमा घरज्वाइँ बसेका छन् ।

यो फिल्ममा काम गरेपछि मिरुनालाई आफ्नो जीवनमा पनि घरज्वाइँ बस्ने केटा भइदिए हुन्थ्यो भन्ने लाग्न थालेको रहेछ । मंगलबार फिल्मको प्रिमियरमा पत्रकारले सोधेको विवाहको प्रश्नमा उनले भनेकी छन्, 'यो फिल्म गरेपछि घरज्वाइँ बस्ने मान्छे भए 'परफेक्ट' हुन्छ भन्ने भैरहेको छ । त्यो हुँदा म परिवारसँगै बस्न पाउँछु । सबै कुरा हेर्दा घरज्वाइँ बस्ने मान्छे नै मेरो लागि ठीक होला (हाँस्दै) ।'

तर, तत्काल विवाहको योजनामा मिरुना छैनन् । उनको ध्यान यतिबेला फिल्ममा मात्र छ । यद्यपि, उनलाई के विश्वास छ भने समय आएपछि अचानक जीवनसाथी भेटिनेछ । 'मैले विवाहका लागि केटा खोजिरहेको चाहिँ छैन । हरेक कुराको समय आउँछ । आफैं भेट हुन्छ होला । जसरी 'घरज्वाइँ'मा सोरो र विञ्जुरीको अचानक भेट भयो, सायद मेरो पनि यसरी नै हुनसक्छ,' मिरुनाले भनिन् ।

'घरज्वाइँ'मा मिरुना भलिवल खेलाडी समेत बनेकी छन् । तर, त्यसअघि उनले यो खेल हेरिरहेको भए पनि खेलेकी थिइनन् । 'त्यहीं (तकसेरा)को साथी (संगीता)ले मलाई भलिवल सिकाउनुभएको थियो । दया दाईले पनि सिकाउनुभयो,' मिरुना भन्छिन्, 'म कसरी सिक्ने होला भनेर चिन्तित थिएँ । चिसोमा एक्कासी भलिवल खेल्दा हातहरु निलो हुने रैछ । सिकेपछि चाहिँ खेल्न मज्जा नै आयो ।'

भदौमा थुप्रिँदै फिल्म, रमित पनि ताक्दै

काठमाडौं/गत वर्षको मध्यतिरबाट फिल्म निर्माणको चाप बढेको छ । जसले गर्दा रिलिजको संख्यामा पनि वृद्धि भइरहेको छ । बैशाख र जेठ फिल्ममय भए । वर्षातको मौसमले गर्दा असारमा भने रिलिजको चाप देखिएन । फेरि साउनमा हप्तैपिच्छे फिल्म लाग्दैछन् । अब धेरैको ध्यान भदौ र असोजमा छ । किनभने, यी दुई महिनामा रिलिजको बाढी देखिँदैछ । झन्डै एक दर्जन फिल्म रिलिज हुँदैछन् ।

दशैंको महिना भएकाले असोजमा रिलिजको चाप हुनु स्वभाविक हो । तर, यसपटक भदौमा पनि फिल्म रिलिजको कमी हुने छैन । एकपछि अर्को फिल्म थुप्रिरहेका छन् । भदौ ७ गते लक्ष्मण सुवेदीको निर्देशन रहेको फिल्म 'सतीदेवी' प्रदर्शन हुँदैछ । यो मितिमा अहिलेसम्म अरु फिल्म आएका छैनन्, न स्वदेशी न विदेशी । तर, अब 'सतीदेवी'लाई एकल रिलिजको सम्भावना फिनो देखिँदैछ ।

भदौ ७ गते अभिनेता र मित दुंगाना आफ्नो डेब्यु निर्देशन तथा निर्माणमा बनेको फिल्म 'नमेटिने घाउ' ल्याउने तयारी गरिरहेका छन् । केही दिनमा पोस्टर सार्वजनिक गर्दै प्रदर्शन मिति घोषणा गर्ने उनको तयारी छ । भदौ ९ गते श्रीकृष्ण जन्माष्टमीको विदा भएकाले रमितले भदौ ७ मा फिल्म चलाउन लागेका हुन् । रोचक कुरा के छ भने 'सतीदेवी' र 'नमेटिने घाउ' दुवै महिला प्रधान फिल्म हुन् ।

भदौ १४ मा भने मिलन चाम्सद्वारा निर्देशित फिल्म 'वर एन्ड वधु' प्रदर्शनमा आउने तयारीमा छ । अहिलेसम्म यो मितिमा फिल्मलाई सोलो रिलिजको मौका छ । भदौ २९ गते तीज विदामा भने दुईटा फिल्म 'रावायण' र 'देवी' भिड्दैछन् । तर, भदौ २८ गते (अन्तिम साता)लाई कुनै पनि फिल्म छैनन् । यद्यपि, एउटा फिल्म आउन सक्ने चर्चा छ । जसले गर्दा भदौमा फिल्म नै फिल्म हुने देखिन्छ ।

'ईश्वर'बाट अभिनयमा फर्किएका ध्रुव भन्छन्, 'निडर चरित्रमा छु'

काठमाडौं/कुनै सेमस्र फिल्म तथा टेलिसिरियलका सकिय कलाकार हुन्, ध्रुव थापा । तर, अमेरिका बस्न थालेपछि उनको अभिनय यात्रा टुट्यो । अब फिल्म 'ईश्वर'बाट करिब एक दशकपछि उनी अभिनयमा फर्किएका छन् । यसमा उनले निर्माताको पनि जिम्मेवारी उठाएका छन् । आगामी साउन ११ गतेदेखि प्रदर्शनको तयारीमा रहेको फिल्ममा आफू निडर र निष्ठावान चरित्रमा रहेको उनको भनाई छ ।

'फिल्ममा निडर, निष्ठावान, न्यायको पक्षमा लड्ने, परिवारलाई माया र मद्दत गर्ने सकारात्मक चरित्रमा छु । मेरो चरित्र समय, देश, न्याय र जनताको पक्षमा लडिरहन्छ,' यतिबेला अमेरिकामा रहेका ध्रुव भन्छन् । 'ईश्वर'मा सुनील थापा, सबिन बास्तोला जस्ता पुराना कलाकारसँग काम गर्न पाउँदा उनी आफूलाई भाग्यमानी ठान्छन् । तर, उनी आफूलाई पनि समय र अनुभवले 'जुनियर' मान्दैनन् ।

'कामको आधारमा मसँग काम गर्ने कलाकारहरु धेरै अग्रज हुनुहुन्छ । तर, समय र अनुभवले गर्दा म आफूलाई 'जुनियर' मान्दिनँ । किनकि, एउटा सक्षम कलाकारको कर्तव्य र सीमा के हो भन्ने कुरा मैले राम्ररी बुझेको छु', उनी अगाडि भन्छन्, 'फिल्ममा स्थापित कलाकार हरुसँग काम गर्न धेरै सहज र रमाइलो भयो । मलाई पनि नियमित रुपमा काम गरिरहेको छु भन्ने महसुस भएको थियो ।'

ध्रुवले २०४८ सालमा रेडियो नेपाल क्षेत्रीय प्रसारण केन्द्र पोखरामा आफ्नै लेखन र प्रस्तुतिमा गीति कथा एवं रेडियो नाटकबाट कला यात्रा थालेका थिए । त्यसपछि स्टेज नाटक, रेडियो नाटक, भिडियो फिल्म तथा टेलिफिल्म हुँदै उनले केही फिल्ममा अभिनय गरे । उनले 'हिजो आजका कुरा', 'तितो सत्य', 'मेरी बास्सै' 'थोरै भए पुगिसरी', 'जिरे खुर्सानी' जस्ता धेरै सिरियलमा अभिनय गरेका छन् ।

लामो समय अभिनयबाट टाढा बस्नुको एउटा महत्त्वपूर्ण कारण भने फिल्म क्षेत्रमा मौलाएको नातावाद र कृपावादलाई मान्छन्, ध्रुव । 'त्योबेला म कला क्षेत्रमा स्थापित हुन नसकेको हो । पारिवारिक व्यस्तता, लगातीको प्रमुख पाटो र नातावाद एवं कृपावाद आदि कारणले म केही समय हराएँ । अहिले सबै कुरा मिलाएको छु । यसैले नेपाली फिल्ममा पुनः फर्किएको भन्न रुचाउँछु,' उनले भने । कविता, गीत र गजल लेख्न रुचाउने ध्रुव अब हरेक वर्ष दुईवटा फिल्म निर्माण गर्ने सोचमा छन् । त्यसको सुरुवात 'ईश्वर'बाट भएको उनको भनाई छ । उनी यो फिल्मलाई लिएर उत्साहित देखिन्छन् । 'प्रदर्शन मिति नजिकिँदै गर्दा मलाई डरभन्दा बढी उत्साह छ । किनभने, फिल्म राम्रो बनेको छ । कथा एकदमै बलियो छ । फिल्मले दर्शकलाई सन्तुष्टि दिन्छ भन्नेमा म विश्वस्त छु, उनी भन्छन् ।

रवि लामिछानेमाथि खनिए मुकुल

काठमाडौं/राष्ट्रिय स्वतन्त्र पार्टीले कारबाही गरेको भोलिपल्ट मुकुल ढकाल सभापति रवि लामिछानेविरुद्ध खनिएका छन् । केन्द्रीय समितिले नमानेमा, प्रवक्ता र केन्द्रीय सदस्यबाट हटाउने निर्णय गरेको भोलिपल्ट बुधबार पत्रकार सम्मेलन गरेर उनले रवि लामिछानेमाथि राहदानी दुरुपयोग र सहकारी ठगी प्रकरणमा छानबिन गर्नुपर्ने बताए ।

करिब ४५ मिनेट एकतपी बोलेका र अन्तिममा पत्रकारहरुले सोधेको प्रश्नको जवाफ नदिई हिँडेका मुकुलले विगतमा आफूले रवि लामिछानेको हरेक कदमको बचाउ गर्ने गरेको र पछिल्लो समय सम्बन्ध बिग्रेको पनि खुलाए ।

सरकारको आलोचना गरेपछि सम्बन्ध बिग्रियो

ढकालले पछिल्लो समय राष्ट्रिय स्वतन्त्र पार्टीबाट सरकारमा गएकाहरुको समीक्षा गर्नुपर्ने विषय उठाएपछि लामिछानेसँग विवाद भएको बताए । 'मूल विवाद भनेको सरकारले काम गर्न सकेन, अक्षम हुनुभयो, यो अक्षमता किन हो, जनताका अगाडि आत्मआलोचना गरेर अगाडि बढौं, हामीले चाहदाचाहदैं पनि केही कुराहरु भएन, कर्मचारीतन्त्रले दिएनदेखि धेरै कुरा छ, सबै कुरा खुलमखुला भनौं, लाइभ गरौं अब पारदर्शी बनौं भन्दा उहाँले गृह मन्त्रालयले जति काम त कसैले गरेको छैन, यो देशको सबैभन्दा सफल गृहमन्त्रीका रुपमा आफू उपस्थित भएको छु भन्ने दावी गर्नुभयो, त्यो दाबी मलाई चित्त बुझेन', ढकालले भने ।

आफूले पहिलो पटक र वि लामिछानेलाई प्रश्न गर्दा कार बाही भएको भन्दै उनले भने, 'उहाँले जुन व्यवहार देखाउनुभयो, त्यो सबैका सामु स्पष्टै छ ।' पार्टी सुधारको आवश्यकता रहेको औंल्याएपछि सभापति लामिछानेले आफू निकटका व्यक्तिहरु परिचालित गरेको उनले आरोप लगाए । सहकोषाध्यक्ष दीपक बोहरा, सहप्रवक्ता रमेश प्सार्ई, केन्द्रीय सदस्य ज्वाला संगौला लगायतलाई सभापति लामिछानेले आफूविरुद्ध परिचालन गरेको आरोप लगाए । 'मुकुल ढकाल रवि लामिछानेको विरुद्धमा गयो भन्ने भाष्य बनाइयो । सभापतिलाई भेट्न आग्रह गरें मान्नुभएन' ढकालले भने ।

लामिछानेमाथि पार्टीभित्रै छानबिन हुनुपर्छ

ढकालले राहदानी र सहकारी ठगी प्रकरणमा लामिछाने माथि पार्टीभित्रैबाट छानबिन हुनुपर्ने बताए । गत बिहीबार सर्वोच्च अदालतका न्यायाधीश सपना प्रधान मल्ल र सारंगा सुवेदीको इजलासले सहकारी प्रकरणमा लामिछानेमाथि छानबिन हुनुपर्ने राय दिएको भन्दै उनले राख्पाले पनि सर्वोच्चको आदेश अनुसार छानबिन गर्नुपर्ने बताए ।

'हिजोको दिनसम्म कुनै जाहेरी उजुरी परेको छैन भन्ने दाबी थियो, हामीले स्वीकार गरेका थियौं, अहिले सम्मानित अदालतले भनिसकेको अवस्थामा अब पार्टीभित्रबाट पनि छानबिन समिति बन्ने कि नबन्ने ? सर्वोच्चको आदेश अनुसार पार्टी भित्रबाट स्वतन्त्र उच्चस्तरीय छानबिन हुनुपर्यो', उनले भने ।

लामिछानेमाथि दोहोरो राहदानीका विषयमा पनि पार्टीभित्रबाट छानबिन हुनुपर्ने उनको भनाइ छ । 'पासपोर्टमा दोषी भए उहाँले कहिले पनि चुनाव लड्न पाउनुहुन्न, यो पार्टीको जीवनसँग जोडिएको विषय हो, त्यसैले यसमा छानबिन हुनुपर्छ', उनले भने ।

रविलाई प्रचण्ड, ओली र देउवा शैली मनपर्छ

मुख्यप्रतिपक्षी सभापति लामिछानेमा पछिल्लो समय माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड, एमाले अध्यक्ष केपी शर्मा ओली र कांग्रेस सभापति शेरबहादुर देउवाको शैली मन पर्न थालेको बताए ।

(स्रोत: अनलाइनखबर)

यस्तो छ २०२६ को टी-२० विश्वकपमा पुग्ने नेपालको बाटो

काठमाडौं/सन् २०२६ मा भारत र श्रीलंकामा संयुक्त आयोजना हुने आईसीसी टी-२० विश्वकपमा पुग्न नेपालले छनोट खेल्न पर्नेछ । टी-२० विश्वकपमा सुपर-८ र टी-२० वरीयताका आधारमा सिधै विश्वकपमा छनोट नभएपछि नेपालले एसिया क्षेत्रको छनोट खेल्नुपर्नेछ । यो खेलको आयोजक देश र मिति भने तय भएको छैन ।

गत वर्ष यो प्रतियोगिता नेपालले आयोजना गरेको थियो । सन् २०२२ को एसिया छनोट ओमानमा भएको थियो । त्यसैले २०२५ को एसिया क्षेत्र छनोट फाइनल यूएईमा हुने सम्भावना छ । एसिया क्षेत्र छनोट फाइनलमा कुल ६ टोली हुनेछन् । नेपाल र ओमान टी-२० विश्वकप २०२४ खेलेको हुँदा सोझै छनोट भएका छन् । बाँकी चार टोली एसिया क्वालिफायर ए र बी बाट आउनेछन् ।

आगामी अगष्ट ३० देखि सेप्टेम्बर ९ सम्म हुने एसिया छनोट ए मा आयोजक मलेसिया, हङकङ, कुवेत, माल्दिभ्स, मंगोलिया, म्यानमार र सिंगापुर छन् । राउण्ड रोबिनको आधारमा हुने यस प्रतियोगिता शीर्ष दुई टोली एसिया क्षेत्र छनोट फाइनलमा पुग्नेछन् ।

आईसीसी टी-२० विश्वकप एसिया छनोट बीमा युएई, बहराइन, कतार, साउदी अरेबिया, थाइल्यान्ड, भुटान र चीन छन् । छनोट बी कहाँ र कहिले हुने टुङ्गो लागेको छैन । राउण्ड रोबिनको खेलपछि शीर्ष दुई टोली एसिया क्षेत्र फाइनलमा पुग्नेछन् । एसिया क्षेत्र छनोट फाइनलमा नेपाल, ओमान, छनोट ए र बी का शीर्ष दुई दुई गरी कुल ६ टोली हुनेछन् । ६ टोलीलाई दुई समूहमा विभाजन गरिनेछ ।

समूह चरण, सेमिफाइनल हुँदै फाइनलमा पुग्ने दुई टोलीले टी-२० विश्वकप २०२६ खेल्न पाउनेछन् । टी-२० विश्वकप २०२६ को लागि १२ टोली सोझै छनोट भएका छन् । ८ टोली विभिन्न क्षेत्रीय छनोट खेलेर आउनेछन् । २०२६ को टी-२० विश्वकपमा सोझै छनोट भएका टोलीहरु :

भारत र श्रीलंका (आयोजक)

अफगानिस्तान, अष्ट्रेलिया, बंगलादेश, इंग्ल्यान्ड, दक्षिण अफ्रिका, अमेरिका र वेस्टइण्डिज (टी-२० विश्वकप २०२४ को शीर्ष ७ मा) आयरल्याण्ड, न्युजिल्यान्ड र पाकिस्तान (२०२४, जुन ३० सम्म टी-२० आई वरियताका माथि रहँदै)

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop

The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

तीन सय ८० जनालाई मेहेन्दी र नेल आर्ट तालिम प्रदान

साझाकुरा संवाददाता

हेटौंडा, २६ असार/ हेटौंडा जेसी इण्डष्ट्रिज प्रा.लिको आयोजना तथा मुम्बई मेहेन्दी ट्रेनिङ सेन्टरको सहकार्यमा हेटौंडामा १० दिने मेहेन्दी र नेल आर्ट तालिम समापन भएको छ ।

बुधबार एक कार्यक्रमबीच तालिमको समापन गरिएको हो । मकवानपुरका तीन सय ८० जनालाई तालिम प्रदान गरिएको थियो । असार १६ गतेदेखि सञ्चालित तालिम मंगलबार सकिएको हो । कम्पनीका अध्यक्ष देवनारायण श्रेष्ठको सभाध्यक्षता तथा हेटौंडा उपमहानगरपालिका-४ का वडाध्यक्ष नवीन सिग्देलको प्रमुख आतिथ्यतामा कार्यक्रम भएको थियो ।

वडाध्यक्ष सिग्देलले सीप सिकेर उद्यम बन्न युवा महिलालाई आग्रह गरेका छन् । उनले ब्युटिपार्लरमा आफ्नो व्यवसाय वृद्धि गर्न नेल आर्ट र मेहेन्दीको तालिमले थप टेवा पुगेको बताए । महिलाहरु व्यावसायिक बन्दै उद्यमतर्फ लाग्न सके स्थानीय सरकारले पनि साथ र सहयोग गर्ने बताए । आफ्नो आर्थिक र सामाजिक पक्ष बलियो बनाउन सीप सिक्नु जरुरी रहेको भन्दै वडाध्यक्ष सिग्देलले एकल नसके सामूहिकरुपमा व्यवसाय गरी सेवा दिन आग्रह गरेका थिए ।

नेपाली कांग्रेस मकवानपुरका सचिव ईश्वर पाठकले ब्युटिपार्लरका विभिन्न सीपमध्ये नेल आर्ट र मेहेन्दी लगाउने सीप सबै महिलामा अपरिहार्य रहेको बताए । सीप सिकेर सफल व्यवसायी बन्न सकिने हुँदा आफ्नो सीपलाई निखार्न सबै लाग्नुपर्ने बताए । प्रमाणपत्र प्राप्त भएपछि सबैजना अब प्रशिक्षक समेत हुने भएकाले आफ्नो सीपलाई अझै विस्तार गर्न आग्रह गरेका थिए ।

मकवानपुर उद्योग वाणिज्य संघका वरिष्ठ उपाध्यक्ष अनिल अग्रवाल, प्रशिक्षक कुलदीप कुमार, जेसी इण्डष्ट्रिज प्रा.लिका सिईओ विजन श्रेष्ठ, जिल्ला खेलकुद विकास समितिका पूर्वअध्यक्ष सानु लामा, हेटौंडा लेडी जेसीज सन् २०२३ का अध्यक्ष डिलु घर्ती, नेपाल पत्रकार महासंघ बागमती प्रदेशका महासचिव कृष्ण साहमगर, जेसी इण्डष्ट्रिज प्रा.लिका प्रेस सल्लाहकार विदुर पौडेल, कम्पनीका नेशनल सेल्स म्यानेजर तथा तालिम कार्यक्रम संयोजक गोपाल भट्ट, हेटौंडाका लागि आधिकारिक विक्रेता गोदा सप्लायर्सका माया पाठक भट्ट लगायतको आतिथ्यता रहेको थियो ।

जेसी इण्डष्ट्रिज प्रा.लिले ब्लुम नामको नेपाली ब्राण्डमा नेलपोलिस, लिक्विटक, नेल रिमुभर, आइलाइनर, मस्करा ग्लीसिरिड लगायत वस्तु उत्पादन गरेको कम्पनीका अध्यक्ष श्रेष्ठले बताए । नेपाली उत्पादनलाई प्रयोग गर्नुपर्छ भन्दै हामीले उत्पादनका लागि आवश्यक कच्चापदार्थहरु भारत, जर्मन, चीन, फ्रान्स, कोरिया, मलेसियालगायत राष्ट्रबाट ल्याउने गरेका छौं, अध्यक्ष श्रेष्ठले भने । १३ वर्षदेखि निरन्तर सञ्चालनमा रही उत्पादित वस्तुलाई नेपालको ठुला सहरमा बिक्री गर्दै आइरहेको बताए ।

चाडपर्व र श्रावण महिना मेहेन्दीको महिना भएकाले हेटौंडामा यो तालिमको आयोजना गरिएको तालिम संयोजक एवम् कम्पनीका नेशनल सेल्स म्यानेजर गोपाल भट्टले बताए । हेटौंडाको माग अनुसार विभिन्न ६ समूहका तीन सय ८० जनालाई तालिम प्रदान गरिएको जनाइएको छ ।

पोखरेलको 'अनुभूतिका आँखाहरु' सार्वजनिक

साझाकुरा संवाददाता

हेटौंडा, २६ असार/ आधुनिक राष्ट्रिय माविका पूर्व प्रधानाध्यापक ऋषिराम पोखरेलले आफ्नो जीवनका विभिन्न अनुभूति समेटिएको पुस्तक अनुभूतिका आँखाहरु सार्वजनिक गरेका छन् । सर्जक सञ्जाल मकवानपुरले बुधबार एक कार्यक्रमको आयोजना गरी पोखरेलको पहिलो कृति सार्वजनिक गरेको हो ।

पुरस्कारको प्रकाशकको रुपमा पुरनबहादुर जोशी रहेका छन् । लेखक पोखरेलले आफ्नो कृतिलाई अनुस्मरण मानेका छन् । प्रकाशित कृतिमाथि समालोचक तथा साहित्यकारले विविध कोणबाट समालोचना गरेका थिए । कृतिमाथि टिप्पणी गर्दै समालोचक घनश्याम घिमिरेले कृतिमा लेखक आफूले भोगेका विभिन्न अनुभवहरु र गरेका अनुभूतिहरु जस्ताको तस्तै किताबमा उतारेको बताए । कृतिकारले समाजमा रहेका स्वार्थी व्यक्तित्व र वैचारिकरुपमा स्खलित भएकाहरुप्रति कडा प्रहार गरेको घिमिरेको टिप्पणी छ । कृतिमा कलात्मक र साहित्यिकपक्षमा भने केही कमजोरी रहेको घिमिरेको भनाइ छ ।

कार्यक्रममा साहित्यकार देवराज तिवारी र शान्तिप्रिय बन्दनाले पनि कृतिभित्रको वैचारिक पाटो, नारीवादी चेतका साथ विभिन्न सकारात्मक र सुधारात्मक पाटोबारे चर्चा गरे । सर्जक सञ्जाल मकवानपुरका अध्यक्ष निमेष निखिलको अध्यक्षतामा भएको कार्यक्रममा शिक्षासेवी देवप्रसाद श्रेष्ठको प्रमुख आतिथ्यता रहेको थियो । कार्यक्रममा कृतिकार पोखरेल, बागमती प्रदेशसभा सदस्य प्रेमबहादुर पुलामी, जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललित घलान, हेटौंडा-४ का वडाअध्यक्ष नवीन सिग्देल, श्यामप्रसाद शर्मा स्मृति प्रतिष्ठानका अध्यक्ष इन्द्र नेपाललगायतले शुभकामनाका साथ आफ्नो धारणा राखेका थिए ।

मकवानपुरका पालिकाको अद्यावधिक बेरुजु १ अर्ब ८४ करोड

साझाकुरा संवाददाता

हेटौंडा, २६ असार/ मकवानपुर जिल्लाका १० वटा पालिकाको अद्यावधिक बेरुजु १ अर्ब ८४ करोड ४७ हजार रुपैयाँ रहेको पाइएको छ । महालेखा परीक्षकको कार्यालयले सार्वजनिक गरेको अन्तिम लेखापरीक्षणमा आर्थिक वर्ष २०७९/८० सम्मको बेरुजु रकम यति धेरै रहेको पाइएको हो ।

मकवानपुरका स्थानीय तहको बेरुजुको अद्यावधिक रकमको अकार बढ्दै गएको छ । आर्थिक वर्ष २०७८/७९ सम्म मकवानपुरका स्थानीय तहको अद्यावधिक बेरुजु १ अर्ब ५८ करोड १३ लाख ६१ हजार रुपैयाँ रहेको थियो । सो आर्थिक वर्षको तुलनामा पछिल्लो अद्यावधिक बेरुजु २५ करोड ८६ लाख ८६ हजार रुपैयाँ बढी हो । अद्यावधिक बेरुजु प्रतिवेदन अनुसार थाहा नगर पालिका र कैलाश गाउँपालिकाको बाहेक अरु ८ वटा स्थानीय तहको अद्यावधिक बेरुजु बढ्दै गएको तथ्यांकले देखाएको छ ।

आर्थिक वर्ष २०७९/८० सम्मको अद्यावधिक बेरुजुको तथ्यांक अनुसार सबैभन्दा बढी हेटौंडा उपमहानगरपालिकाको रहेको छ । हेटौंडाको ५१ करोड २२ लाख ४३ हजार रुपैयाँ बेरुजु छ । जिल्लामै सबैभन्दा कम इन्द्रसरोवर गाउँपालिकाको ८ करोड २६ हजार बेरुजु रहेको छ । यो पालिका जिल्लाकै सबै भन्दा सानो पालिका पनि हो । दोस्रो बढी बेरुजु हुने पालिका मनहरी गाउँपालिका हो । मनहरीको ३१ करोड १० लाख ११ हजार रुपैयाँ बेरुजु छ भने तेस्रो स्थानमा थाहा नगरपालिकाको १७ करोड ५१ लाख ७१ रुपैयाँ बेरुजु छ ।

त्यसैगरी भीमफेदी गाउँपालिकाको बेरुजु ९ करोड ४ लाख १६ हजार, मकवानपुरगढीको ११ करोड ९८ लाख ९७ हजार, बकैयाको १७ करोड २१ लाख २५ हजार रुपैयाँ बेरुजु रहेको छ । बागमती गाउँपालिकाको १४ करोड ५८ लाख २२ हजार, कैलाशको १४ करोड २४ लाख ७६ हजार र राक्सिराङको ९ करोड ८ लाख ६० हजार रुपैयाँ बेरुजु रहेको महालेखाको प्रतिवेदनमा उल्लेख छ ।

मकवानपुरका यी १० पालिकाको आर्थिक वर्ष २०७९/८० को मात्र २९ करोड ५ लाख ८२ हजार बेरुजु रहेको छ । बाँकी १ अर्ब ५४ करोड ९४ लाख ६५ हजार रुपैयाँ यो आर्थिक वर्ष भन्दा अघि देखिको अद्यावधिक बेरुजु रहेको महालेखा परीक्षकको प्रतिवेदनमा भनिएको छ ।

बाढीले केजको माछापालनमा क्षति

साझाकुरा संवाददाता

हेटौंडा, २६ असार/ निरन्तरको वर्षापछि कुलेखानी इन्द्रसरोवरमा केजको माछापालनमा बाढीले क्षति पुऱ्याएको छ । बाढीसँगै चलेको हावाका कारण माछाको केजको डोरी चुडिएर केज अनियन्त्रित भएका छन् ।

बाढीसँगै जलासयमा पुऱ्याएको हिलोले माछा मरेको इन्द्रसरोवर मत्स्य व्यवसायी संघ मार्खुका अध्यक्ष सनककुमार नगर कोटीले जानकारी दिए । गत आर्थिक वर्षमा केज र खुला माछापालनका लागि ४० लाख रुपैयाँको भुरा छोडिएकोमा ठूलो क्षति बेहोर्नुपरेको अध्यक्ष नगरकोटीले जानकारी दिए ।

चारसय ५० केज र खुला रुपमा पालिएको माछामा क्षति भएको यकिन विवरण प्राप्त भइनसकेको कोषाध्यक्ष योगेन्द्र थापाले जानकारी दिए । थापाले भने, 'केज व्यवस्थापन गर्दैछौं, लाखौंको क्षति भएको छ भोलिसम्म क्षतिको यकिन विवरण आउनसक्छ ।,' बिस २०५५ सालमा दर्ता भई पछिल्लो समय सामूहिक माछापालन गर्दै आएको संघमा अहिले ६ सय ८५ किसान शेयरहोल्डर रहेको व्यवस्थापक अरुणा लामाले बताइन् ।

लामाका अनुसार बाढीसँगै आएको धमिलो पानी माछाको गिल्समा पसेर मर्ने गरेको छ । यसैबीच मत्स्य विकास केन्द्र कुलेखानीले पालेको पनि करिब ३ सय जति माछा हिलोका कारण मरेको केन्द्रकी प्राविधिक तुल्सी जिरेलले जानकारी दिइन् ।

कैलाश गाउँपालिका प्रहरीलाई हराउँदै अन्तिम चारमा प्रवेश

साझाकुरा संवाददाता

हेटौंडा, २६ असार/ मनहरी गाउँपालिकामा जारी प्रथम मिलन-धर्मराज स्मृति खुला नकआउट फुटबल प्रतियोगितामा बागमती प्रदेश प्रहरीगणलाई पराजित गर्दै कैलाश गाउँपालिका अन्तिम चारमा प्रवेश गरेको छ ।

मनहरी गाउँपालिका-८ बेलुवास्थित खेलमैदानमा बुधवार भएको खेलमा कैलाश गाउँपालिकाले सुरुवाती गोलबाट अग्रता लिएको थियो ।

कैलाशका लागि विजय दोडले गोल गरे । गोल खाएको दुई मिनेट बित्न नपाउँदै प्रहरीका लागि विशाल थिङले गोल गर्दै खेल बराबरीमा ल्याए । पहिलो हाफमा १-१ गोलको बराबरी भएको खेलेमा कैलाशका अभिषेक लामाले गरेको गोल नै निर्णायक बन्यो ।

खेलमा म्यान अफ दि म्याच कैलाशकै विजय दोड घोषित भए । अब कैलाशले सेमिफाइनलमा आयोजक सिप्पानी युथ क्लबको सामना गर्नुपर्नेछ । बिहीबार हासु एफसी मनहरी र इन्द्रकमल युथ क्लब खैरहेनी चितवनबीच खेल हुने आयोजक सिप्पानी युथ क्लबका राजेन्द्र मुक्तानले जानकारी दिए । असार ३१ गतेसम्म सञ्चालन हुने प्रतियोगितामा १२ क्लबको सहभागिता रहेको छ ।

प्रतियोगिताको बिजेताले एकलाख र उपविजेताले ५० हजार रुपैयाँसहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्ने आयोजकले जनाएको छ । गत २०७९ पुस २८ गते सवारी दुर्घटनामा ज्यान गुमाएका सिप्पानी युथ क्लबका खेलाडीद्वय मिलन र धर्मराज मोक्तानको स्मृतिमा क्लबले पहिलो पटक प्रतियोगिता आयोजना गरेको हो ।

विद्यार्थीका लागि निःशुल्क कक्षा संचालन

साझाकुरा संवाददाता

हेटौंडा, २६ असार/ हेटौंडा उपमहानगरपालिकाले माध्यमिक शिक्षा (एसईई)को ग्रेडवृद्धि परीक्षा दिने विद्यार्थीका लागि निःशुल्क कक्षा संचालन गर्ने भएको छ ।

उपमहानगरपालिकाको शिक्षा विकास महाशाखाले आगामी साउन २ गतेदेखि २० गतेसम्म ग्रेडवृद्धि परीक्षाका लागि निःशुल्क कक्षा सञ्चालन गर्न लागेको हो । महाशाखाले एक सूचना जारी गर्दै हेटौंडा उपमहानगर अन्तर्गतका विद्यालयबाट एसईई परीक्षामा एनजी ल्याएका विद्यार्थीका लागि निःशुल्क कक्षा सञ्चालन गर्न लागेको जानकारी दिएको हो ।

जारी सूचनामा विद्यार्थीलाई लक्षित गर्दै उपमहानगरपालिकाले ग्रेडवृद्धि परीक्षाको तयारीका लागि ५ वटा सामुदायिक विद्यालयमा बिहान ६ देखि १२ सम्म अनिवार्य विषयको कक्षा सञ्चालन गर्ने उल्लेख छ । जसमा हेटौंडा-३ को महेन्द्रकिरण माध्यमिक विद्यालय, हेटौंडा-४ को भूटनदेवी माध्यमिक विद्यालय, हेटौंडा-९ को प्रगति माध्यमिक विद्यालय, हेटौंडा-१३ को महेन्द्र माध्यमिक विद्यालय र हेटौंडा-१६ को जनप्रिय माध्यमिक विद्यालय रहेका छन् ।

निःशुल्क कक्षामा सामुदायिक तथा संस्थागत विद्यालयका विद्यार्थीले ५ वटा विद्यालयमध्ये एउटामा रोजेर सहभागी हुन पाउनेछन् । ग्रेडवृद्धि परीक्षा साउन २३ गतेबाट सञ्चालन हुनेछ ।

भर्ना खुल्यो ! भर्ना खुल्यो ! भर्ना खुल्यो !

3 YEARS
HA, LAB TECHNOLOGY, PHYSIOTHERAPY, PADIOGRAPHY

SEE/SLC पास पछिको ३ वर्ष प्रमाण पत्र तहमा CTEVT बाट मान्यता प्राप्त यस शिक्षण संस्थामा शैक्षिक सत्र २०८१/०८२ को लागि निम्न कार्यक्रमहरुमा भर्ना खुल्यो । मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रवेशिका, (SEE/SLC) परीक्षामा गणित, अंग्रेजी र विज्ञान विषयलाई समग्रमा Grade Point Average (GPA) न्युनतम २ प्राप्त हुनु पर्नेछ ।

MTI का विशेषताहरु

- उत्कृष्ट एवम् अनुभवी प्राध्यापकहरुद्वारा अध्यापन गराइने
- उत्कृष्ट पूर्वाधार प्राप्त OJT को व्यवस्था
- स्वच्छ, शान्त, पारिवारिक एवम् मनोरम शैक्षिक वातावरणमा पठनपाठन हुने
- विद्यार्थीहरुलाई प्रोजेक्टरको माध्यमबाट पठनपाठन गराइने
- उत्कृष्ट ल्याबको सुविधा
- उत्कृष्ट नतिजा
- २९ वर्षदेखि निरन्तर चलिरेहेको संस्था

फारम शुल्क रु.५५००/-

कार्यक्रमहरु

Health Assistant (HA)	40 सिट
PCL Lab Technology	30 सिट
PCL Radiography	30 सिट
PCL Physiotherapy	40 सिट

फारम वितरण मिति : २०८१/०३/१६ गते आइतबार देखि
फारम बुझाउने अन्तिम मिति : २०८१/०४/१३ गते आइतबार बेलुका ४:३० सम्म
प्रवेश परीक्षा सञ्चालन हुने मिति : २०८१/०४/१९ गते बिहान ८:०० बजे

मकवानपुर टेक्निकल इन्स्टिच्युट
हेटौंडा-५, भैरवरोड
सम्पर्क : ०५७-५२१८५२, ९८५५०३१९१०, ९८६०२०२६७१, ९८५५०१२८५२

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- हेटौंडामै पहिलो पटक N_2 (Nitrogen) हावा टायरमा भरिने
- इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

"हाम्रो आधुनिक राम्रो आधुनिक, राम्रो आधुनिक हाम्रो आधुनिक"
"गुणस्तरीय शिक्षा, हाम्रो प्रतिबद्धता"

श्री आधुनिक राष्ट्रिय माध्यमिक विद्यालय
हेटौंडा-४, मकवानपुर

भर्ना खुल्यो ! भर्ना खुल्यो ! भर्ना खुल्यो !

शैक्षिक सत्र २०८१/०८२ को लागि कक्षा ११ मा (+2 science) मा नयाँ भर्ना खुल्यो

हामीलाई विश्वास गर्नुहोस्, तपाईंको सक्षमताको ढोका हामी खोल्छौं ।

अध्यापन हुने विषयहरु

विज्ञान संकायतर्फ	शिक्षाशास्त्र तर्फ	व्यवस्थापन तर्फ
क. भौतिक विज्ञान (Physics)	क. अंग्रेजी (English)	क. बिजनेस स्टडिज (Business studies)
ख. रसायन विज्ञान (Chemistry)	ख. नेपाली (Nepali)	ख. अर्थशास्त्र (Economics)
ग. जिव विज्ञान (Biology)	ग. गणित (Math)	ग. गणित (Basic Math)
घ. कम्प्युटर विज्ञान (Computer)	प्राविधिक तर्फ	
	क. कम्प्युटर सफ्टवेयर	

हाम्रो विशेषताहरु:

- ब्रिटिस काउन्सिलद्वारा अन्तर्राष्ट्रिय मान्यता प्राप्त ISA 2020/2023 द्वारा सम्मानित मकवानपुरको पहिलो र एक मात्र विद्यालय
- पूर्ण मल्टिमिडियाको प्रयोग
- व्यवस्थित तथा उत्कृष्ट विज्ञान प्रयोगशालाको व्यवस्था
- विद्यार्थीको व्यक्तिगत पहिचान सहित तयारी
- कमजोरी विद्यार्थीलाई अतिरिक्त कक्षाको प्रबन्ध
- न्युनतम लागतमा अधिकत्तम सन्तुष्टि
- समाय समयमा अतिरिक्त क्रियाकलाप संचालन हुने
- विभिन्न अन्तर्राष्ट्रिय प्रोजेक्ट माध्यमद्वारा (भारत, जापान, मलेसिया, बेलायत, इजिप्ट पेलिष्टाइनका विभिन्न विद्यालयहरुसँग) शिक्षण सिकाई क्रियाकलाप गरिरहेको
- गरिब तथा जेहनदार विद्यार्थीहरुलाई छात्रवृत्तिको व्यवस्था

मो सलिम (सलिम खान) अध्यक्ष ९८११८८२२८६
श्री रामसागर गुराङाई प्रधानाध्यापक ९८५५०६०९३३
श्री राजाराम पोखरेल ९८४५४६३१८८
श्री संतिश आचार्य ९८४५०३०७८७
श्री आधुनिक राष्ट्रिय मा.वि. ०५७-५२०७६६

साझाकुरा राष्ट्रिय दैनिकका लागि सचिन न्यौपानेद्वारा प्रकाशित, सम्पादकः सरला खनाल. कार्यालय/मुद्रणः हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रणः सफल छापाखाना